"क" वर्गमा वर्गीकृत चितवनको पहिलो राष्ट्रिय दैनिक

# चितवन पोष्ट

CHITWAN POST DAILY

दैनिक समाचारपत्र



QFX JALMA

मा भव्यरूपमा चलिरहेको छ ।

NOW SHOWING

| | | | | |
|---|---|---|---|---|
| Sikandar | 8:00AM | 8:45AM | 11:00AM | 2:00PM |
| – | 5:00PM | 6:00PM | 8:00PM | 9:00PM |
| Anjila | | 12:00PM | 3:00PM | – |

50% discount on every morning shows

हरेक बुधबार र बिहीबार हरेक शोमा टिकट दर रु. २००/- मात्र



● वर्ष २८ ● अङ्क २१५ ● पूर्णाङ्क २९०९ ● २०८१ चैत २० गते बुधबार, चतुर्थी/पञ्चमी ● (2 April, 2025) (Website : www.chitwanpost.com.np) ● पेज ४ ● मूल्य : ६ |–


## भरतपुर–१० का बासिन्दालाई एम्बुलेन्स सेवा निःशुल्क

भरतपुर । भरतपुर महानगरपालिका वडा नम्बर १० का बासिन्दालाई अस्पतालसम्म आउन र अस्पतालबाट घर फर्कनका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने भएको छ । वडा कार्यालयले आफ्नो वडाभित्र रहेका बिभिन्न पाँचवटा संस्थासँग निःशुल्क एम्बुलेन्स सेवाको सम्झौता गरेको हो ।

वडाअध्यक्ष परमेश्वर खनाल र एम्बुलेन्स सञ्चालन गर्ने संस्थाहरूका प्रतिनिधिहरूले मंगलबार सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । टेकप्रसाद अर्यालय स्मृति प्रतिष्ठान, टोपनारायण ढकाल स्मृति समाज, देवीप्रसाद वस्ती स्मृति प्रतिष्ठान, सामुदायिक स्वास्थ्य एवम् अुसन्धान केन्द्र र गुणराज पाठक स्मृति प्रतिष्ठानका प्रतिनिधिहरूले वडाका स्थायी तथा अस्थायी बासिन्दाहरूलाई आकस्मिक सेवाका लागि निःशुल्क सेवा दिने गरी सम्झौता गरिएको वडाअध्यक्ष खनालले बताए ।

वडावासीलाई चौबिसै घन्टा सेवा दिनेगरी यो सम्झौता गरिएको अध्यक्ष खनालले जानकारी दिनुभयो । आकस्मिक रूपमा अस्पतालमा लैजान साधन नपाएर उपचार नपाई मृत्यु वरण गर्नु नपरोस भनेर सम्झौता गरिएको उनको भनाइ छ ।

मंगलबारदेखि लागू भएको सम्झौता विसं २०८४ साल चैत ३० गतेसम्म कायम रहने उनले बताए । एम्बुलेसको प्रयोग बहिरंग सेवाका बिरामीहरूले गर्न नपाउने सम्झौतामा लेखिएको छ । अध्यक्ष खनालले वडा कार्यालयमा आफू नेतृत्वमा आएसँगै वडावासीका लागि जिल्लाका दुई ठूला मेडिकलसँग ५० प्रतिशत छूट, अन्य साना अस्पतालमा २० देखि ३० प्रतिशत छूट, गरिब तथा जेहन्दार विद्यार्थीका लागि निःशुल्क शिक्षालगायतका कामहरू गरिएको जानकारी दिए ।

## जन्मदर्ता नहुँदा मारमा सडक बालबालिका

### राज्यबाट पाउने सेवासुविधा पाउनसमेत कठिनाइ

काठमाडौँ । जन्मदर्ता नहुँदा सडक बालबालिकाले अहिले पनि स्वास्थ्य शिक्षासहित राज्यबाट पाउने कुनै पनि सेवा पाउन नसकेको पाइएको छ ।

बालबालिको क्षेत्रमा काम गर्ने संस्था 'साथसाथ' ले मंगलबार आयोजना गरेको 'बालिकाको जन्मदर्तासम्बन्धी पैरवीपत्र प्रकाशन' सार्वजनिक कार्यक्रममा तीन जोखिममा परेका सडक बालबालिकाको क्षेत्रमा काम गर्दै आएको र त्यसक्रममा ५२ जिल्लाका बालबालिकाले जन्मदर्ता नहुँदा नागरिकता बनाउन कानुनी र व्यावहारिक चुनौती रहेका पाइएको उल्लेख गरिन् ।

पञ्जीकरण विभागका निर्देशक मुकेशकुमार केशरीले घटना भएको स्थानमा स्थानीय वडाका सचिवले घटना




पुस्तासम्म कानुनी पहिचान नभएका बालबालिकाले जन्मदर्ता बनाउन नसक्दा राज्यबाट पाउने कुनै पनि सुविधा पाउन नसकेको पाइएको हो ।

कार्यक्रममा जन्मदर्ता नहुँदा नागरिकताविहीन सञ्जय राई र राजेश ठकुरीले अभिभावको पहिचान नहुँदा नागरिकता बनाउन नसकिएको र त्यसले राज्यबाट पाउने सुविधा र जीविकोपार्जनका लागि काम पाउनसमेत कठिनाइ भएको बताए ।

साथसाथ संस्थाकी स्रोत व्यक्ति कविता शाहले संस्थाले २७ वर्षदेखि दर्ता र बाबुआमाको ठेगाना नभएका बालबालिकाले पनि वडा अध्यक्ष, संस्था र व्यक्ति संरक्षक भएको अवस्थामा पनि जन्मदर्ता गर्न सकिने व्यवस्था रहेको बताए । यस्ता बालबालिकालाई स्थानीय तहबाट नै जन्मदर्ता गराएर अन्य कामकारबाही गर्न सकिने भन्दै उनले त्यसका लागि विभागले पनि सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय बाल परिषद्का सदस्य सचिव इन्द्रादेवी ढकालले बालबालिकाको जन्मदर्ता प्रक्रिया सरल, सहज बनाउने र कुनै पनि बालबालिका राज्यविहीन नहुने अवस्था बनाउनुपर्ने बताइन् ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समिति सदस्य सीताकुमारी रानाले नेपालको कानुनलाई सरलीकरण गरेर समस्यामा रहेका बालकालिकालाई पनि स्थानीय तहबाटै जन्मदर्ता बनाएर नागरिकता बनाउन सिफारिस गर्नुपर्ने कानुनी व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा सार्वजनिक वकालत–पत्रमा तीन पुस्तासम्म कानुनी पहिचान नहुँदा सडक बालबालिकाको नागरिकता बनाउन नसकिएको र नागरिकता बनाउन नसक्दा पढ्ने, मोबाइलको सिम लिने, बैंक खाता खोल्नेजस्ता राज्यबाट प्राप्त हुने धेरै सुविधाबाट वञ्चित भएको उल्लेख छ । आयोजक संस्थाले हाल एक सय पाँच सडक बालबालिकालाई संरक्षण दिइरहेको त्यस अवसरमा जानकारी दिइयो । रासस

## रत्ननगरका उपमेयर पाठकको सक्रियतामा टिकौली जङ्गलको डढेलो नियन्त्रण

रत्ननगर । रत्ननगर नगरपालिकाका उपमेयर यादवप्रसाद पाठकको सक्रियतामा टिकौली जङ्गलमा लागेको डढेलो नियन्त्रणमा लिइएको छ । जङ्गलमा लागेको आगो निभाउन उपमेयर पाठकले नगर प्रहरीको टोली परिचालन गरेका थिए । आगो दनदनी बलिरहेका बेला नगर प्रहरीसँगै उपमेयरले समेत पानी हालेर आगो निभाएका थिए ।

'सोमबार दुई बजे लागेको आगो साँझ सात बजे नियन्त्रणमा लिन सफल भयौँ', उपमेयर पाठकले भने, 'समयमै पुग्न नसकेको भए आगोले जङ्गल सखाप पार्ने रहेछ ।' आगो निभाउन नगरपालिकाको मिनी दमकल प्रयोग गरिएको थियो । 'सानो जनशक्तिका कारण आगो निभाउन समय लाग्यो', उनले भने, 'त्यही पनि फैलिन नदिई नियन्त्रणमा लिन सक्यौँ ।'

डढेलोले बाहिरी वातावरण दूषित बनाएको उपमेयर पाठकले बताए । 'जङ्गलमा डढेलो लाग्दा वन्यजन्तुलाई मात्र असर गर्दैन', उनले भने, 'वातावरण दूषित भएर मानव स्वास्थ्यमा समेत असर गरिरहेको छ ।' दिउँसो २ बजेबाट लागेको आगो नगर प्रहरीको सम्पूर्ण टिम परिचालन गरी राति सात बजे डढेलो नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ । स्रोतसाधनको अभावका बीच उपमेयरसहित नगर प्रहरीहरूको सक्रियतामा आगो नियन्त्रणमा लिन सफल भएको प्रहरीको भनाइ थियो ।


### हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## कर्मचारी आवश्यकता

*प्रथमपटक प्रकाशित मिति: २०८१ चैत्र २० गते, बुधबार (चितवन पोष्ट राष्ट्रिय दैनिक)*

यस हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका लागि तल उल्लिखित पदहरूमा कर्मचारीहरू आवश्यक भएकाले तोकिएका योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ । इच्छुक उम्मेदवारहरूले निम्न कागजातहरू संलग्न गरी हस्तलिखित आवेदन पेश गर्नुहुन अनुरोध छ ।

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो (१ प्रति)
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
- अनुभव प्रमाणपत्रको प्रतिलिपि
- सवारीसाधन चालक अनुमति पत्र (लाइसेन्स)को प्रतिलिपि

| विज्ञापन नं. | ०७/०८१/०८२ | ०८/०८१/०८२ |
|---|---|---|
| पद/श्रेणी | ऋण सहायक | बजार प्रतिनिधि (बचत संकलक) |
| आवश्यक संख्या | १ जना (प्रधान कार्यालय, नारायणगढका लागि) | केही (प्रधान कार्यालय, नारायणगढका लागि) |
| न्यूनतम शैक्षिक योग्यता | १२ कक्षा उत्तीर्ण वा सोसरह (माथिल्लो तहलाई प्राथमिकता दिइनेछ ।) | एसएलसी,एसइई उत्तीर्ण वा सोसरह (माथिल्लो तहलाई प्राथमिकता दिइनेछ ।) |
| उमेर | २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| वाञ्छनीय योग्यता | ➤ सहकारी नीति, नियम, लेखा तथा ऋण व्यवस्थापनसम्बन्धी ज्ञान भएको ।<br>➤ कम्प्युटरसम्बन्धी सीप भएको (नेपाली अङ्ग्रेजी टाइप राम्रोसँग गर्न सक्ने ।<br>➤ समूहमा रहेर कार्य गर्न सक्ने तथा स्थानीय परिवेशमा घुलमिल हुन सक्ने ।<br>➤ ऋण लगानी, असुली तथा धितो अवलोकनका लागि फिल्ड भ्रमण गर्न सक्ने । | ➤ कम्प्युटर सम्बन्धी आधारभुत सीप भएको ।<br>➤ सहकारीको बजारीकरण सम्बन्धी ज्ञान भएको ।<br>➤ लेखा तथा डिजिटल बैंकिङ प्रणाली (मोबाइल बैंकिङ)मा कार्य गर्न सक्ने । |
| प्राथमिकता | ➤ सहकारी, बैक तथा वित्तीय संस्थामा काम गरेको अनुभव भएको ।<br>➤ दुई पाङ्ग्रे सवारीसाधन चालक अनुमति पत्र (लाइसेन्स) तथा आफ्नै साधन भएको ।<br>➤ स्थानीय क्षेत्रको बासिन्दा । | |
| परीक्षाको किसिम | प्रयोगात्मक तथा अन्तर्वार्ता । | |
| निवेदन दस्तुर | एक सय रुपैयाँ मात्र । | |
| तलब तथा सुविधा | संस्थाको नियमानुसार हुनेछ । | |
| दरखास्त बुझाउने स्थान | संस्थाको प्रधान कार्यालय, शहीदचोक नारायणगढ तथा तथा अन्य सेवाकेन्द्रहरू । | |

- **दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति** : २०८१ चैत्र २६ गते कार्यालय समयभित्र ।
- प्रारम्भिक छनोटमा परेका उम्मेदवारलाई मात्र छनोट पक्रियाको लागि सम्पर्क गरिनेछ ।
- छनोट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

दरखास्तको लागि :

**हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
भरतपुर–१, शहीदचोक, नारायणगढ, फोन नं. : ०५६–५९५८२५, ५९५६२६
Website: hansmultipurpose.org.np, Email: hanscoop1@gmail.com

होमनाथ सापकोटा
संयोजक
**पदपूर्ति उपसमिति**


## कवि विनोदीको उपचारमा शुभचिन्तकको साथ

### 'अलङ्कार इन्द्रेनी'को बिक्रीबाट आएको रकम उपचारमा प्रयोग

**- तुलमान गुरुङ**

गैँडाकोट । कवि गोविन्दराज विनोदी केही वर्षयता स्वास्थ्य समस्यामा छन् । नेपाल र भारतका अस्पतालमा नियमित उपचार गराउँदै आएका विनोदी ठूलो आन्द्राको क्यान्सरसँग सङ्घर्ष गरिरहेका छन् । उनको उपचारमा ठूलो आर्थिक भार पर्ने भएपछि नजिकका साथीभाइले अर्थ सङ्कलनको अभियान सञ्चालन गरिरहेका छन् ।

केही समयअघि गैँडाकोटस्थित जानकी ग्यालरीमा विनोदीका कवितामाथि बनाइएका ५५ चित्र समर्पित कवि विनोदीको जटिल अवस्थालाई बुझेर पेज टर्नरले सहयोगको अभियान थालेको प्रकाशन संस्था पेज टर्नरका सञ्चालक जयराम तिमिल्सिनाले जानकारी दिए । विनोदीले नेपाली साहित्यको क्षेत्रमा नयाँ पुस्तालाई सधैँ बाटो देखाउने काम गरेको भन्दै उनको सम्मानका लागि पनि सक्नेसम्मको सहयोग गर्न प्रकाशन गृहले पहल थालेको उनको भनाइ छ ।

लेखकको स्वास्थ्योपचारका लागि रकम सङ्कलन गर्ने अभियान थालेको हुँदा पुस्तक खरिदमा छूटको सुविधा हटाइएको छ । तीन सय



प्रदर्शनमा थिए । ती चित्रको बिक्रीबाट १० लाख ५२ हजार रुपैयाँ सङ्कलन भएको 'सह–सम्बन्ध' शीर्षक दिइएको चित्रकला प्रदर्शनी कार्यक्रमका संयोजक भीमप्रसाद शर्मा सुवेदीले जानकारी दिए । उनका अनुसार उक्त कार्यक्रमले विनोदीको स्वास्थ्य समस्याबारे प्रचारप्रसार भएपछि व्यक्तिगतरूपमै पनि सहयोग सङ्कलन भएको थियो । 'हामीले कार्यक्रम आयोजना गरेपछि धेरै शुभचिन्तकहरूले सहयोग गर्नुभएको छ', उनले भने, 'कार्यक्रमले समाजमा सकारात्मक प्रभाव पारेको छ ।'

आफू अस्वस्थ हुँदाहुँदै पनि कवि विनोदीले नयाँ कविताकृति 'अलङ्कार इन्द्रेनी' प्रकाशनमा ल्याएका छन् । पेज टर्नरले प्रकाशित गरेको उक्त कृतिको बिक्रीबाट आएको रकममा छपाइ खर्च कटाएर विनोदीकै उपचारमा खर्च गरिने उक्त कृतिका वितरक एवं सम्पूर्ण किताब नारायणघाटका सञ्चालक लेखराम सापकोटाले जानकारी दिए ।

'हामीले नाफा नराखी बिक्री गरिरहेका छौँ । बिक्रीबाट आएको रकमको छपाइ खर्चबाहेक सबै रकम विनोदी सरकै उपचारमा सहयोग गर्छौं, उनले भने, 'हामीले थालेको यो अभियानलाई सबैले साथ दिनुभएको छ ।' उनका अनुसार चितवन आएको पाँच सय प्रति पुस्तकमध्ये तीन सय प्रति बिक्री भइसकेको छ । पाठकहरूले विनोदीको स्वास्थ्यलाभको कामना गर्दै उपचारमा थप सहयोग पुगोस् भन्ने उद्देश्यले यसअघि प्रकाशित कृतिसमेत खरिद गरेका उनले बताए ।

कवि विनोदीको उपचारका लागि कृतिका प्रकाशन गृह पेज टर्नरले नै सहयोगको अपिल गरेको छ । नेपाली साहित्यमा काव्यको उत्थानका लागि रुपैयाँ मूल्य रहेको कृतिमा कवि विनोदीले इन्द्रेणीजस्तै सात अलङ्कारलाई छन्दबद्ध गरेका छन् । उमेरले सात दशक पार गरिसकेका विनोदी कविमात्र नभई गजल विधामा समेत अगाडि छन् । त्यसबाहेक पूर्वशिक्षकसमेत रहेका विनोदी पुराना चित्रकार पनि हुन् ।

बालसहित्य लेखन तथा कृति समीक्षामा समेत अग्रभागमा उनको नाम आउँछ । चितवनको पत्रकारिता क्षेत्रमा समेत पुरानो नाम हो विनोदी । नेपाली साहित्यको काव्य विधामा दख्खल राख्ने विनोदीका फुटकर रचनादेखि महाकाव्यसम्मका पुस्तक प्रकाशित छन् ।

एघार वर्षकै उमेरमा 'रिस' शीर्षकको कविता प्रकाशित गरी साहित्य क्षेत्रमा औपचारिक प्रवेश गरेका विनोदीको पहिलो कृतिको रूपमा कवितासङ्ग्रह 'मेरो वर्तमान' २०४७ सालमा प्रकाशित भएको थियो । त्यसयता उनका करिब दुई दर्जन कृति प्रकाशित छन् । २०५६ मा गजलसङ्ग्रह 'निर्मम निर्मम घडीहरू', २०५७ सालमा बालकवितासङ्ग्रह 'आँखाका नानी', २०५९ सालमा कवितासङ्ग्रह 'अविश्रान्त', २०६६ सालमा समीक्षा–सङ्ग्रह 'सृष्टिमाथिका दृष्टि' प्रकाशित छन् । यस्तै, खण्डकाव्यतर्फ २०६९ सालमा 'शूर्पणखा', २०७६ मा 'अशोकवाटिका', २०७८ मा 'तप्त चाँदनी' प्रकाशित छन् । महाकाव्यतर्फ भने २०७४ मा 'कैकेयी' प्रकाशित छन् ।

चितवनमा सम्पूर्ण किताब, हेटौँडामा किताब घर र काठमाडौँमा प्रकाशन गृह पेज टर्नरको कार्यालय बागबजारबाट उक्त कृति खरिद गर्न सकिन्छ । विनोदी थप उपचारका लागि हालै काठमाडौँ गएका छन् ।

## भरतपुर–१८ मा 'समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम'

शशिनगर । भरतपुर महानगरले सुरु गरेको दोस्रो चरणको 'समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम'अन्तर्गत भरतपुर–१८ मा मङ्गलबारबाट सुरु गरिएको छ ।

एक समारोहका बीच भरतपुर–१८ का वडाध्यक्ष वाबुराम रानाले आवश्यक स्वास्थ्य सामग्री स्वास्थ्यकर्मीहरूलाई हस्तान्तरण गरेर हिमाली टोल, शशिनगरबाट शुभारम्भ गरेका हुन् ।

यस कार्यक्रमअन्तर्गत वडाभित्रका टोल विकास संस्थाको सहकार्यमा आधारभूत स्वास्थ्यकेन्द्र शशिनगरका स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेवकहरूको टोली प्रयोगशालामा पुगेर ६० देखि ६८ वर्षका ज्येष्ठ नागरिकलाई स्वास्थ्यसेवा उपलब्ध गराएको वडाध्यक्ष रानाले जानकारी दिए । यस कार्यक्रमबाट अशक्त नागरिक, वृद्धवृद्धा र विशेषगरी आफ्ना सन्तान घरबाहिर भएका नागरिकहरू लाभान्वित हुने र घरदेखि अस्पतालसम्म पुग्न समस्या भएका नागरिकलाई यसबाट प्रत्यक्ष लाभ मिल्ने उनले बताए ।

कार्यक्रममा हिमाली टोलभित्र रहेका ज्येष्ठ नागरिकलाई मधुमेह, उच्च रक्तचाप, उचाइ र तौल, पिसाब परीक्षणलगायत गरिएको थियो । कार्यक्रममा वडा नं–१८ की वडा सदस्य दिलु गजमेर, आधारभूत स्वास्थ्यकेन्द्रकी प्रमुख लक्ष्मी घलेलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम क्रमशः अन्य टोलहरूमा समेत गरिनेछ ।

## आधारभूत विद्यालय बेल्सीलाई एसी सहयोग

रत्ननगर । रत्ननगर वडा नं–३ मा रहेको आधारभूत विद्यालय बेल्सीलाई एसी सहयोग गरिएको छ । स्पाउस क्लब अफ आरसी रत्ननगरले विद्यालयलाई तीन थान एसी सहयोग गरेको हो ।

मङ्गलबार औपचारिक कार्यक्रमको आयोजना गरी विद्यालयलाई तीन थान एसी, चापाकल र पानी तान्ने मोटर सहयोग गरिएको क्लबकी अध्यक्ष राधिका तिमल्सिनाले जानकारी दिइन् । गर्मीयाममा विद्यार्थीलाई पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले एसी सहयोग गरिएको उनले बताइन् ।

रत्ननगर–३ वडा कार्यालय र रोटरी क्लब अफ रत्ननगरको सहयोगमा गरिएको कार्यक्रममा क्लबले एक थान, वडाले एक थान र नगरपालिकाले एक थान एसी सहयोग गरेको वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोहेन्द्रराज खरेलले जानकारी दिए ।

कार्यक्रममा बोल्दै रत्ननगर नगरपालिकाका प्रमुख प्रलाद सापकोटाले क्लबले गरेको कार्यको प्रशंसा गर्दै नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गरेको बताए । शिक्षा र स्वास्थ्यसेवाबाट कोही पनि वञ्चित नहोस् भन्ने उद्देश्यले

(बाँकी ४ पेजमा)







### नारायणगढ-बुटवल सडक :
# पूर्वी खण्डमा ५० किमी कालोपत्र

नवलपरासी । नारायणगढ-बुटवल सडक निर्माण योजनाको पूर्वी खण्डमा ५० किलोमिटर सडक कालोपत्र गरिएको छ । पूर्वी खण्डको गैँडाकोटबाट दाउन्नेसम्मको ६३ किलोमिटर खण्डमध्ये एकतर्फको ५० किलोमिटर सडक कालोपत्र गरिएको हो ।



योजनाका सूचना अधिकारी शिव खनालका अनुसार आउँदो बर्खा अगाडि नै बाँकी १३ किलोमिटर सडकसमेत कालोपत्र गर्ने लक्ष्यअनुसार काम भइरहेको छ । दाउन्ने खण्डमा यात्रा गर्दा सास्ती खेप्नुपरेकाले सो क्षेत्रमा चार किलोमिटर र घुमाउरो घुम्तीमा चार किलोमिटर सडक वर्षाअघि नै ढलान गरिने उनले बताए । ढलानको काम यसै सातादेखि थालिने छ ।

“पहिलो चरणमा एकतर्फी रूपमा यातायात सहज होस् भन्ने हो, यसलाई प्राथमिकता दिएका छौँ, सँगै दोस्रो भागतर्फको काम पनि समानान्तर रूपमा भइरहेको छ”, सूचना अधिकारी खनालले भने ।

विसं २०७५ माघमा सम्झौता भएर २०७९ साउनमा सडक विस्तारको काम सम्पन्न गर्नेगरी काम अघि बढाइएको हो । नारायणगढ-बुटवल सडकको कुल ११३ किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरी काम थालिएको हो । निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउनसम्मका लागि दोस्रोपटक म्याद थप गरिएको थियो । सो अवधिमा पनि काम सम्पन्न नभएपछि २०८२ साउनसम्मका लागि तेस्रोपटक म्याद थप गरिएको छ ।

एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सडक विस्तार योजनाको दुवै खण्ड रु १६ अर्ब ९९ करोड ५३ लाखको लागतमा काम भइरहेको सूचना अधिकारी खनालले बताए । एक सय १३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन तथा २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ ६-६ मिटरको सर्भिस लेन हुनेछ । दाउन्नेमा १४ किलोमिटर सडक तीन लेनको हुने छ । रासस

# जेसीीज शाखा अध्यक्षहरूको भेला चितवनमा

भरतपुर । नेपाल जेसीजका शाखा अध्यक्षहरूको भेला चितवनमा सम्पन्न भएको छ । भरतपुरको यज्ञपुरीमा दुईदिने कार्यक्रम गरेर जेसीजले शाखा अध्यक्षहरूको भेला सम्पन्न गरेको हो । भेलामा विभिन्न विषयमा प्रशिक्षण तथा छलफल भएको जेसीज चितवनका अध्यक्ष रवीन्द्र श्रेष्ठले जानकारी दिए । उनका अनुसार भेलामा नेपालमा नयाँ व्यवसायको सम्भावना, चुनौती र वर्तमान अवस्थाका बारेमा छलफल गरिएको थियो ।

जेसीजका पूर्वराष्ट्रिय अध्यक्ष सुरेन्द्रकुमार महतोले चिफ ट्रेनरको रूपमा प्रशिक्षण दिएका थिए । पूर्वअध्यक्ष विकल श्रेष्ठले विभिन्न विषयमा प्रशिक्षण दिएका थिए । यस्तै, एउटा सत्रमा ‘नेपालमा देखिएको व्यवसायको अवस्था’ विषयमा छलफल गरिएको चितवन शाखाका अध्यक्ष श्रेष्ठले बताए । छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, मधेश विश्वविद्यालयका उपकुलपति प्रोफेसर डा. दीपकबहादुर शाक्य, बञ्जीजम्प गराउने दि क्लिफ प्रालिका प्रबन्ध निर्देशक राजनकुमार जोशी सहभागी थिए । उक्त छलफलमा सहजकर्ताको भूमिका नारायणगढ जेसीजका पूर्वअध्यक्ष अमर घिमिरेले निर्वाह गरेका थिए ।

भेलाको समुद्घाटन प्रमुखअतिथि बागमती प्रदेशका सांसद् इन्द्र बानियाँले गरेका थिए । समापन समारोहको प्रमुखअतिथि प्रतिनिधिसभा सदस्य चन्द्र भण्डारी रहेका थिए । भण्डारीले देशको नेतृत्व युवाहरूले गर्नुपर्ने बताए । उनले व्यवसायको खोजी, आवश्यकता र सम्भावनाको विषयमा प्रस्ट पारेका थिए । नेपाल जेसीजकी राष्ट्रिय अध्यक्ष रजनी थापाको अध्यक्षतामा भएको भेलाको संयोजन तथा आतिथ्यता अध्यक्ष रवीन्द्र श्रेष्ठसहितको नारायणगढ जेसीजले गरेको थियो । भेलामा १८४ जना शाखा अध्यक्षसहित २ सयभन्दा बढीको सहभागिता थियो ।


## गैँडाको आक्रमणबाट एक वृद्ध घाइते

माडी । माडी नगरपालिका वडा नं-१, वनकट्टास्थित काँसघारीमा भैँसी चराउनेक्रममा गैँडाको आक्रमणबाट एक वृद्ध घाइते भएका छन् । माडी-१, वनकट्टा बस्ने ६८ वर्षीय मंगले बोट पछाडिबाट गैँडाले आक्रमण गरी घाइते भएका हुन् ।

ढाड र पेटमा चोट लागी घाइते भएका वृद्ध बोटको भरतपुर सरकारी अस्पताल, भरतपुरमा उपचारपश्चात् सोमबार बेलुकी थप उपचारका लागि पुरानो मेडिकल कलेज (सिएमएस) भरतपुरमा रिफर भई उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## जो जससँग सम्बन्धित छ

नवलपरासी (ब.सु.पू.) सजल्ला, गैँडाकोट नगरपालिका-२, निवासी भारतीय सैनिक नम्बर ५७५५६१९N (TS-182915) Sep गोपाल थापा (पल्टन २/८ गोरखा राइफल्स) मेरो श्रीमतीको विवाह दर्ता र नागरिकता प्रमाणपत्रमा नाथ थर शारदा शर्मा सापकोटा भएको र भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नाम थर शारदा थापा भई फरक नाम थर देखिन गएको भएता पनि निज शारदा थापा र शारदा शर्मा सापकोटा दुवै नाम थर भएको व्यक्ति एउटै भएको जानकारीसहित सम्बन्धित सबैमा अनुरोध छ ।



## सितामाई कृषि सहकारी संस्था लि.
भरतपुर-२२, पटिहानी, चितवन

### ट्र्याक्टर लिलामसम्बन्धी सूचना

प्रस्तुत विषयका सन्दर्भमा यस सहकारीको नाममा रहेको तपशिल बमोजिमको स्थिर सम्पत्तिहरू शेयर सदस्यहरूको बीचमा बढी बढाउको आधारमा लिलाम गरी शेयर सदस्यहरूको बचत फिर्ता गर्ने मिति २०८१ जेठ २२ गतेको साधारण सभाको सर्वसम्मत निर्णयअनुसार मिति २०८१/१२/२० गतेदेखि ७ (सात) दिने गोप्य टेण्डर आह्वान गर्ने निर्णय गरिएको हुँदा सोहीअनुसार गर्नुहुन सम्पूर्ण शेयर सदस्यहरूमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. मेसी ट्र्याक्टर (७२५०) ना.७त. ४३०२
इन्जिन, Dis हाइरो, रोडामेटर, कल्टी, थ्रेसर पोटेटो प्लान्टर, रिपर, टेलर, क्याजुअल

- न्यूनतम मूल्य : रु. ७,००,०००/- (अक्षरेपि सात लाख मात्र)
- धरौटी स्वरूप बोल कबोलको ५% रकम नगद वा बैंक भौचर जम्मा गर्नुपर्ने छ ।

सम्पर्क : ९८५५०५०३६७, ९८५५०६०६७२, ९८४५०५२१०२

विष्णुहरी घिमिरे
**अध्यक्ष**

aceone homes
खुशी घरमा नै छ!
Design | Construction | Real Estate
Presents
घर बनाउने मेला
२०८२
“निर्माणको महाकुम्भ”
Powered By V GROUP

घर बनाउने मेलाका आकर्षणहरू
- घर बनाउने डिजाइन र टेक्नोलोजीको प्रदर्शनी
- घर बनाउन आवश्यक सामग्रीहरुको प्रदर्शनी
- विशेषज्ञहरुबाट नि:शुल्क परामर्श
- घर बनाउन आकर्षक छुट र अफरहरु
- घर जग्गा खरिद बिक्री
- सरकारी नियमहरुको विस्तृत विवरण

FREE ENTRY

मिति : २०८२ बैशाख २५, २६ र २७
स्थल : उद्योग वाणिज्य संघ नारायणगढ चितवन

For Stall Booking
+977 9855018618, 9855010218

Supported By
मालपोत कार्यालय चितवन
JCI Madi

# लागूऔषधसहित दुई जना पक्राउ

नवलपरासी । जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापश्चिम) बाट खटिएको प्रहरी टोलीले प्रतापपुर गाउँपालिका वडा नं-२, गंगाबस्तीमा चेकजाँच गर्ने क्रममा लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

गोपीगन्जबाट बर्दघाट जाँदै गरेको लु १९ प ७८६४ नम्बरको मोटरसाइकललाई रोकेर चेकजाँच गर्दा बर्दघाट गाउँपालिका वडा नं-४, दाउन्नेदेवी मार्ग बस्ने १९ वर्षीय सजिद हुसेन र प्रतापपुर गाउँपालिका वडा नं-२, गोपीगन्ज बस्ने लागूऔषध कारोबारी कमला खाँड ठकुरी लागूऔषधसहित पक्राउ परेका हुन् । यस्तै, लागूऔषध कारोबारी विनोद कहारका श्रीमती बिन्द्रावती कहार भने प्रहरीलाई देख्नासाथ फरार रहेको प्रहरीले जनाएको छ ।

प्रहरी टोली पक्राउ परेका सजिद हुसेनको साथबाट प्रोक्सिको स्पास लेखेको आठ क्याप्सुल र कमला खाँड ठकुरीको घर कोठा खानतलासीबाट कोडिन सिरफ आठवटा, प्रोक्सिको स्पास १२ क्याप्सुल, विनोद कहार बस्दै आएको घरमा लुकाइराखेको कोडिन सिरफ १८ वटा, नाइट्राफास्ट-१० ट्याब्लेट ९ पत्ता, नाइट्राभेट-१० ट्याब्लेट ७.५ पत्ता, प्रोक्सिको स्पास ४२० क्याप्सुल फेला पारी रीतपूर्वक बरामद गरिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापश्चिम) का सूचना अधिकारी नायब प्रहरी उपरीक्षक वीरदत्त पन्तका अनुसार पक्राउ परेका दुई जनाको साथबाट लागूऔषध, मोबाइल र मोटरसाइकलसहित नियन्त्रणमा लिई नवलपरासी जिल्ला अदालत (बर्दघाट सुस्तापश्चिम)बाट म्याद थप गरी अनुसन्धान कार्य भइरहेको छ ।

# ट्रक एकापसमा ठोक्किँदा तीन घाइते

भरतपुर । भरतपुर-२९, सत्रकिलो-स्थित नारायणगढ-मुग्लिन सडकखण्डमा ट्रक एकापसमा ठक्कर खाई दुर्घटना हुँदा तीन जना घाइते भएका छन् ।

नारायणगढबाट मुग्लिनतर्फ जाँदै गरेको लु १ ख ९९४३ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको लुम्बिनी प्रदेश ०१-००१ ख ०४९२ ट्रक एकापसमा ठोक्किँदा लु १ ख ९९४३ नम्बरको ट्रक चालक धादिङको गल्छी गाउँपालिका वडा नं-७ बस्ने ३० वर्षीय प्रवीन लामा, सहचालक सोही ठाउँ बस्ने २३ वर्षीय उमेश लामा र लुम्बिनी प्रदेश ०१-००१ ख ०४९२ नम्बरको नामथर, वतन नखुलेको ट्रक चालक घाइते भएका हुन् ।

दुवै चालक गम्भीर घाइते भएका छन् भने सहचालक मध्यम घाइते छन् । तीनै जना घाइतेको नयाँ मेडिकल कलेज (सिएमसी)मा उपचार भइरहेको र दुवै ट्रक प्रहरी चौकी, जुगेडीका नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

# कारलाई स्कार्पियोले ठक्कर दिँदा महिला घाइते

भरतपुर । भरतपुर-५, रोज गार्डेन चोकमा कारलाई स्कार्पियोले ठक्कर दिँदा एक महिला घाइते भएकी छन् ।

नारायणपुर चोकदेखि मंगलपुरतर्फ जाँदै गरेको प्रदेश ३-०१-०२४ च ४२४७ नम्बरको कारलाई त्रिवेणी चोकदेखि कल्याणपुरतर्फ जाँदै गरेको बा १० च ६१४५ नम्बरको स्कार्पियोले ठक्कर दिँदा स्कार्पियोमा सवार भरतपुर-१८ बस्ने ५७ वर्षीया देवीकुमारी राई घाइते भएकी हुन् ।

घाइते महिलाको नयाँ मेडिकल कलेज (सिएमसी)मा उपचार भइरहेको र उपचारमा कार चालक भरतपुर-१८ बस्ने ६१ वर्षीय कैलाशकुमार राई, स्कार्पियो चालक भरतपुर-४ बस्ने ३० वर्षीय विधान गुरुङ र घाइतेका श्रीमान् संलग्न छन् ।

*आधारभूत ......*

नगरपालिकाले विद्यालयलाई सहयोग र विपन्न नागरिकलाई नि:शुल्क स्वास्थ्य बिमा गरिरहेको जानकारी दिए ।

कार्यक्रममा रोटरीका एसिस्टेन्ट गभर्नर हरिप्रसाद सुवेदी, रोटरी क्लब अफ रत्ननगरकी अध्यक्ष विरन्जना घिमिरे, संस्थापक अध्यक्ष विमला सुवेदी खनाल, विद्यालयका प्रधानाध्यापक रामचन्द्र महतो, पूर्वप्रधानाध्यापक शालिग्राम ढकाल, स्पाउस क्लबका सदस्य, रोटरी क्लबका सदस्यलगायतको उपस्थिति थियो ।

सौराहामा सञ्चालनमा रहेको होटल भाडा/बिक्रीमा
चितवनको पर्यटकीय नगरी सौराहामा अवस्थित AC सहितको सुविधासम्पन्न होटल भाडामा दिनुपर्ने तथा बिक्री गर्नुपर्ने भएकाले सञ्चालन गर्न इच्छुक महानुभावले सम्पर्क गर्नुहोला ।
; DKs{M
९८४५९११५८५

सेफ्टी ट्यांकी सफा गर्नुपरेमा....
सम्पर्क स्थानहरू :
भरतपुर-१२, मुनालचोक : ९८५५०५२८२२
भरतपुर-८, गौरीगञ्ज : ९८६२२६२७८९
भरतपुर-४, लंकू : ९८४५१११८२२
शारदानगर, रामपुर : ९८५५०५७९२६
टाँडी : ९८४५३७२४२२
खैरहनी : ९८४५८८३६९९
कावासोती : ९८४४७१०८७७
गैँडाकोट : ९८४५३९८८२२

सुकुटी चाहिएमा
अत्यन्त स्वादिष्ट सुकुटी विदेश लैजान वा घरमै खानका लागि चाहिएमा आयूषा खाजा घर, शहीदचोक, नारायणगढमा सम्पर्क राख्नुहोला ।
सम्पर्क :
९८४३१२८९६० (युवकजी)

डायमण्ड फेन्सी
पुल्चोक, नारायणगढ
फोन : ०५६-५९८४२५, ९८५५०६३३८०, ९८४५३६६४०७
विशेषताहरू :
– होलसेल तथा खुद्रा बिक्रेता
– आकर्षक डिजाइन र ब्राण्डेड शप (लेडिज एण्ड जेन्ट्स)

## श्री पञ्चदीप आधारभूत विद्यालय (१-५)
रत्ननगर-१२, सालघारी, चितवन

### शिक्षक आवश्यकता

प्रस्तुत विषयमा यस विद्यालयको मिति २०८१/१२/१९ गतेको वि.व्य.स. को निर्णयानुसार र रत्ननगर नगरकार्यपालिकाको कार्यालयको मिति २०८१/१२/१९,च.नं. ७४१४ को प्राप्त पत्रानुसार यस विद्यालयमा प्राथमिक तह राहत कोटामा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल :**

१. विज्ञापन नं : ०२/०८१ २. पद : प्राथमिक शिक्षक (राहत कोटा)
३. पद संख्या : १ (एक) ४. तह : प्राथमिक
५. नियुक्तिको किसिम : राहत (करार)
६. न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र सङ्काय/शिक्षा विषयमा कम्तीमा कक्षा १२ वा सोसरह उत्तीर्ण
७. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८. सेवा सुविधा : नेपाल सरकारले तोके बमोजिम
९. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक ठानिएमा कक्षा अवलोकन
१०. आवेदन दिने अन्तिम मितिः २०८२/०१/३ गते दिउँसो ४:०० बजेभित्र
११, सम्पर्क मिति : २०८२/०१/४ गते कार्यालय समय भित्र
१२. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ
१३. दरखास्तर दस्तुतः रु. १,२००।- (अक्षरेपि एक हजार दुई सय)
१४. आवश्यक कागजात : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रहरू, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, करार सूचीको उम्मेदवारको हकमा करार सूचीमा भएको प्रमाण खुल्ने कागजातहरू ।

पुनश्च : १. शिक्षक सेवा आयोगबाट करार शिक्षक नियुक्तिका लागि योग्यताक्रम सूचीमा नाम प्रकाशित भएका उम्मेदवारहरूको दरखास्त परेमा योग्यताक्रम सूचीको आधारमा नियुक्ति गरिनेछ ।
२. स्थानीय शिक्षा अधिकारी वा शिक्षा विकास तथा सान्वय इकाईबाट प्रमाणित अनुभव पत्रलाई मात्रै मान्यता दिइनेछ ।
३. म्याद नाघी आएको तथा रीतपूर्वक नभएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।
४. आफ्नो सबै सक्कल प्रमाण पत्रहरू परीक्षा हुने दिन अनिवार्यरूपमा ल्याउनु पर्ने छ ।

थप जानकारीको लागि : ९८५५०११२१९/९८५५०४९६९४

## राष्ट्रिय आवास कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
योजना कार्यालय नवलपरासी, बर्दघाट-१

### शिलबन्दी बोलपत्रद्वारा काठ दाउरा लिलाम बिक्रीको १५(पन्ध्र) दिने सूचना

*दोस्रोपटक प्रकाशित मिति : २०८१/१२/२०*

यस राष्ट्रिय आवास कम्पनी लिमिटेड योजना कार्यालय नवलपरासी, बर्दघाट-१, अन्तर्गत यस कम्पनीको नाउँमा श्रेस्ता कायम रहेको सिसवार-५/ख कि.नं. ८ ज.वि. ६-१-५ जग्गामा रहेका रूखहरू कटान गरी काठ दाउरा लटअनुसार शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिने भएको हुँदा इच्छुक फर्म एवं संघ-संस्थाहरूले दोस्रोपटक यो सूचना प्रकाशित गरिएको मितिले १५औँ दिनभित्र कार्यालय समयमा आई तपशिलमा उल्लेखित सर्त र बन्देजमा रही शिलबन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१ क. लिलाम हुने गोलिया काठको विवरण :**

| क्र.सं. | जात | ग्रेड | थान | परिमाण क्यू फिट | न्यूनतम् मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| **लट नम्बर : १-२०८१/०८२** | | | | | | |
| १. | कर्मा | A | १ | २८.१३ | ११२५२/- | |
| | | B | ११ | २२४.५२ | ६७३५६/- | |
| | | C | १४ | ६४.५१ | ६४५१/- | |
| २. | सिमल | N | २८ | २१२.४६ | ३१८६९/- | |
| ३. | सिसौ | A | ४ | ५६.१३ | ३९२८४/- | |
| | | B | ५ | १०.८८ | ५४४०/- | |
| | | **जम्मा** | **६३** | **५९६.६२** | **१६१६५२/-** | |
| **लट नम्बर : २-२०८१/०८२** | | | | | | |
| १. | सिमल | N | ८६ | ७९५.५४ | ११९३३१/- | |
| २. | बेल | N | १२ | ५९.३६ | ५९३६/- | |
| | | **जम्मा** | **९८** | **८५४.९** | **१२५२६७/-** | |
| **लट नम्बर : ३-२०८१/०८२** | | | | | | |
| १. | सिमल | N | ५९ | ९६२.७५ | १४४११३/- | |
| **लट नम्बर : ४-२०८१/०८२** | | | | | | |
| १. | सिसौ | A | ६ | ४१.१३ | २८७९१/- | |
| | | B | ७ | १७.६४ | ८८२०/- | |
| २. | सफेत (मसला) | N | २७ | २०२.८२ | २५३५३/- | |
| ३. | सिमल | N | ४१ | ६५९.६२ | ९८९४३/- | |
| | | **जम्मा** | **८१** | **९२१.२१** | **१६१९०७/-** | |
| **लट नम्बर : ५-२०८१/०८२** | | | | | | |
| १. | सिमल | N | ३८ | ६५४.७ | ९८२०५/- | |
| **लट नम्बर : ६-२०८१/०८२** | | | | | | |
| १. | कर्मा | A | २ | ६०.८८ | २४३५२/- | |
| | | B | ३ | २०.६८ | ६२०४/- | |
| | | C | ४ | १४.७८ | १४७८/- | |
| २. | सिमल | N | ५९ | ८१६.५० | १२२४७५/- | |
| ३. | पलास | N | १० | ६३.९३ | ६३९३/- | |
| ४. | सिसौ | A | ५ | ३७.३ | २६११०/- | |
| | | **जम्मा** | **८४** | **१०१४.०७** | **१८७०१२/-** | |
| **लट नम्बर : ७-२०८१/०८२** | | | | | | |
| १. | कर्मा | A | ३ | १०९.७८ | ४३९१२/- | |
| | | B | १२ | १८५.३२ | ५५५९६/- | |
| | | C | ९ | ५७.७४ | ५७७४/- | |
| २. | बर्रो | N | १९ | १९४.३० | ३८८६०/- | |
| | | **जम्मा** | **४३** | **५४७.१४** | **१४४१४२/-** | |
| **लट नम्बर : ८-२०८१/०८२** | | | | | | |
| १. | बर्रो | N | २ | ८१.५१ | १६३०२/- | |
| २. | सिमल | N | ४५ | ४९२.६३ | ७३८९५/- | |
| | | **जम्मा** | **४७** | **५७४.१४** | **९०१९७/-** | |
| **लट नम्बर : ९-२०८१/०८२** | | | | | | |
| १. | जामुन | A | १ | १३.३२ | ५३२८/- | |
| २. | सिसौ | B | ५ | १७.७८ | ८८९०/- | |
| ३. | पिपल | N | १ | २८.१३ | २८१३/- | |
| ४. | सिमल | N | २६ | ५०३.९४ | ७५५९१/- | |
| | | **जम्मा** | **३३** | **५७४.१४** | **९२६२२/-** | |
| **लट नम्बर : १०-२०८१/०८२** | | | | | | |
| १. | जामुन | B | ३ | २८.६१ | ८५८३/- | |
| | | C | ३ | ८.३७ | ८३७/- | |
| २. | पिपल | N | ४ | ३०.७४ | ३०७४/- | |
| ३. | आँप | N | २१ | १५५.८४ | ३११६८/- | |
| ४. | सिमल | N | २० | ३८९.३६ | ५८४०४/- | |
| | | **जम्मा** | **५१** | **६१२.९२** | **१०२०६६/-** | |
| **लट नम्बर : ११-२०८१/०८२** | | | | | | |
| १. | आँप | N | १९ | १४३.८६ | २८७७२/- | |
| २. | सिमल | N | १८ | २०४.६६ | ३०६९९/- | |
| ३. | अशोका | N | १५ | १०३.३६ | १०३३६/- | |
| ४. | लिची | N | ४ | ९.८० | ९८०/- | |
| | | **जम्मा** | **५६** | **४६१.६८** | **७०७८७/-** | |
| **लट नम्बर : १२-२०८१/०८२** | | | | | | |
| १. | सिमल | N | ६३ | ५९५.८२ | ८९३७३/- | |
| **लट नम्बर : १३-२०८१/०८२** | | | | | | |
| १. | सिमल | N | ४५ | ४७६.३६७ | ७१४५५/- | |
| २. | कर्मा | C | ४ | १३.१४ | १३१४/- | |
| ३. | दुधारो | N | ८ | १५.३४ | १५३४/- | |
| | | **जम्मा** | **५७** | **५०४.८४७** | **७४३०३/-** | |
| **१ ख. लिलाम हुने गोलिया दाउराको विवरण :** | | | | | | |
| **लट नम्बर : १४-२०८१/०८२** | | | | | | |
| १. | अन्य प्रजाति मिश्रित | चट्टा | ८ | - | ३२०००/- | |

**शर्त :**

१. बोलपत्र फारम दस्तुर प्रत्येक लटका काठ दाउराका लागि छुट्टा-छुट्टै रु. १,०००/- (पछि फिर्ता नहुने) तिरी यस योजनाबाट प्राप्त गर्न सकिने छ ।
२. बोलपत्रदाताले काठ दाउराको स्थलगत अवलोकन गरी जे-जस्तो अवस्थामा छ सोही अवास्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।
३. बोलपत्रदाताले बोलपत्र साथ टिकट दस्तुर वापत रु.१०/- नगद नत्थी गरी कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम प्रभु बैंकको बर्दघाट शाखामा रहेको यस कम्पनीको च.हि.नं. ०४७०१३८९०४३०००११ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । बैंक भौचरको पछाडि बोलपत्रदाताको नाम/थर र ठेगाना उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्र यस कम्पनीको योजना कार्यालय नवलपरासी, बर्दघाट-१ बाट खरिद गर्न सकिनेछ ।
५. बोलपत्र १५औँ दिन कार्यालय समयभित्र पेश गरिसक्नु पर्नेछ ।
६. बोलपत्र १६औँ दिन दिनको २:०० बजेपछि योजना कार्यालय नवलपरासीमा खोलिनेछ ।
७. बोलपत्र खरिद गर्ने, बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्र खोलिनेछ ।
८. बोलपत्र स्वीकृत भएमा बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृतिको सूचना दिएको मितिले ३५ दिनभित्र सि.नं ३ मा उल्लेखित बैंक खातामा बाँकी रकम जम्मा गर्नुपर्नेछ । तोकिएको समयमा बाँकी रकम नबुझाएमा धरौटी रकम जफत हुनेछ र काठ दाउराको दाबी गर्न पाउने छैन ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कम्पनीको केन्द्रीय कार्यालयको निर्णय अन्तिम हुनेछ ।
१०. माथि उल्लेख नभएका विषयमा कम्पनीको ऐन, नियम एवं प्रचलित कानून बमोजिम हुनेछ ।
१२ विस्तृत जानकारीको लागि योजना कार्यालय नवलपरासीको फोन नं. ०७८-४११०१० र के.का.को फोन नं. ०१-४७९०५२१ मा सम्पर्क गर्न सकिनेछ ।



"क" वर्गमा वर्गीकृत चितवनको पहिलो राष्ट्रिय दैनिक
चितवन पोष्ट
CHITWAN POST DAILY
दैनिक समाचारपत्र

संस्थापक सम्पादक : स्व. धर्मराज अर्याल
संस्थापक प्रबन्ध सम्पादक : स्व. जीवराज अर्याल
सम्पादक : प्रकाश अर्याल
प्रबन्ध निर्देशक : गोविन्द अर्याल, ९८५५०५१०९२
प्रकाशक : चितवन पोष्ट प्रकाशन प्रा.लि.
प्रधान कार्यालय: भरतपुर–१०, विद्युत्रोड
फोन : ०५६–५९५६२१, ५९५६२४
इमेल : chitwanpost@gmail .com
शाखा कार्यालयहरू :
सौराहाचोक, टाँडी, फोन: ९८५५०८०२९१
पर्सा, सम्पर्क : ९८४५१६०२९५
चनौली : ९८६५००५५९७, मेघौली : ९८४५०८२८२३
कावासोती: ९८६४२८०३१३
धादिङबेसी: ०१०–५२०६६५, दमौली: ०६५–५६०८३९
डुम्रे: ०६५–६९०८०६, त्रिशूली: ०१०–५६०५४७, ९८५१०१४३९१
मुद्रक : कालिका अफसेट प्रेस, विद्युत रोड, भरतपुर, फोन: ०५६–५९५६२१
कम्प्युटर : कमल के.सी./दिलीप के.सी.
(चितवन पोष्ट डेस्कटप)

## सम्पादकीय....

# चुनौतीपूर्ण बनेको हिउँदे अधिवेशन

संघीय संसद्को हिउँदे अधिवेशन मङ्गलबार रातिदेखि अन्त्य गरिएको छ । दुई महिनासम्म सञ्चालन भएको उक्त अधिवेशन गत माघ १८ गतेबाट प्रारम्भ भएको थियो । हिउँदे अधिवेशनका क्रममा १३ वटा विधेयकहरू संसद्ले पारित गर्नुलाई अहिले सत्तापक्षीय दलले उपलब्धिको रूपमा व्याख्या गरिरहेका छन् भने प्रतिपक्षी दलहरू यो अधिवेशन विवाद र आलोचनामै केन्द्रित भैरहेको हुँदा उपलब्धिमूलक बन्न नसकेको जनाइरहेका छन् । हिउँदे अधिवेशनको भूमिकाको रूपमा विधायिकीजन्य कामको सन्दर्भमा सरकार केही हदसम्म सफल भएको मान्न आधार भने छ । यस अधिवेशनमा १३ वटा विधेयक संसद्ले पारित गरेको छ, जुन विधेयकहरू पारित हुनुमा संसदीय समितिहरूले समय दिएरै विभिन्न बैठकहरू गर्नुलाई मान्न सकिन्छ । अबको समयमा संसद् नचल्दा यसबीचमा पारित हुनुपर्ने बाँकी विधेयकहरू के हुन्छन् भन्ने अन्योल भने अहिले बढेर गएको स्थिति हो ।

हिउँदे अधिवेशनका क्रममा प्रतिनिधिसभामा बसेका बैठकहरूको संख्या झन्डै ३० को हाराहारीमा रहे पनि तिनलाई निकै महत्त्वपूर्ण भनेर आकलन गर्न भने सकिँदैन । यसलाई पछिल्ला अधिवेशनहरूको तुलनामा लाभदायक मान्न सकिए पनि जनअपेक्षाअनुसार संसद्का गतिविधिहरू चल्न नसक्नुलाई भने कमजोरीकै रूपमा चित्रित गर्न नसकिने होइन । यस अधिवेशनका क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले चार–चारपटक सम्बोधन गरेको देखिन्छ । संसद्मा प्रधानमन्त्रीकै सम्बोधन हुने भएपछि जनसरोकारका विषयहरूमा केन्द्रित हुने अपेक्षा गरिनु स्वाभाविकै हुन्छ, यद्यपि त्यसका बाबजुद पनि उनको सम्बोधनमा आफ्नो कार्यकालको मपाइँत्व र प्रतिपक्षी दलहरूको हुर्मत लिने अभ्यासले भने प्रत्येकपल्ट पुनरावृत्ति पाइरहेको महसुस गरायो । त्यसरी नै प्रतिपक्षी दलहरूको भूमिकासमेत सन्देह उत्पन्न गराउने खालकै रह्यो । पटकपटक संसद्को हिउँदे अधिवेशन पनि विगतमा झैँ विभिन्न घटनाहरूका कारण अवरुद्ध हुने सिलसिला जारी रह्यो । चाहे त्यसो हुनुमा रवि लामिछानेको सहकारी प्रकरण होस् या कुलमान घिसिङ बर्खास्तीको विषय नै होस् । अझ पछिल्लो समय राजसंस्था र राजावादीहरूको आन्दोलनको सरगर्मीले समेत अधिवेशन पटकपटक प्रभावित बन्न पुगेको थियो । निरन्तररूपमा संसद्को बैठकले आफ्नो कार्यशैलीलाई सुधार गर्न नसक्दा देशका जल्दाबल्दा धेरै समस्याहरू यसपल्ट पनि खास ढङ्गले सम्बोधन हुन सकेनन् ।

पछिल्लो आमनिर्वाचनपछि निर्माण भएको संसद्मा सहिष्णुताको अभावमात्रै नभएर परिपक्वताको समेत चरम सङ्कट देखिँदै आएको छ, जसको निरन्तरता हिउँदे अधिवेशनमा पनि देखिएकै हो, जुन अनौठो विषय रहेन । जनप्रतिनिधिमूलक संस्थामा सबैभन्दा ठूलो कमजोरीका रूपमा सांसद्हरूको अनुपस्थिति रहँदै आएको छ । हाजिर गर्ने र बैठकमा सहभागी नहुने अधिकांश सांसद्हरूको रबैयाका कारण संसद् भवन केवल सेवासुविधासहितको जागिर पकाउने थलोको रूपमा मात्रै रूपान्तरण हुँदै आएको छ । उपस्थित रहेकाहरूमा पनि एक दलले अर्को दललाई मानमर्दन गर्नैमा समय खर्च गरिरहेका छन् । हरेक अधिवेशनमा देखिने नौटङ्कीलाई पुनः यसरी नै निरन्तरता दिइरहने हो भने प्रतिनिधिमूलक संस्था थप बदनाममात्रै नहुने अझ जनतामा त्यसप्रति वितृष्णासमेत बढ्ने पक्षमा सांसद्हरूले अबका दिनमा हेक्का राख्न जरुरी देखिएको छ । अबको आउँदो अधिवेशन भने बजेटकेन्द्रित हुनेछ, जुन सम्भवतः वैशाखको दोस्रो साताबाट जारी रहनेछ । संवैधानिकरूपमा समेत जेठ १५ गते नयाँ आर्थिक वर्षको बजेट ल्याउनुपर्ने प्रावधान रहेकोले छिटै नै नयाँ अधिवेशन चालू हुने अपेक्षा गरिएको छ ।

# संघीयतामाथि उठेका प्रश्न र कार्यान्वयनमा देखिएका चुनौती



- रामशरण गैरे
gaireramsharan@gmail.com

नेपालको संविधान २०७२ सालमा जारी भएपछि नेपालले संघीय शासनपद्धति अवलम्बन गरेको हो । पहिलोपटक २०६३ सालको अन्तरिम संविधानको पाँचौँ संशोधनले नेपालमा संघीयताको प्रसङ्ग आएको देखिन्छ । त्यसैगरी, संविधानसभाको निर्वाचन २०६४ मा सबैजसो राजनीतिक दलहरूले संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्धता जाहेर गरेको पाइन्छ । अन्ततः दोस्रो संविधानसभाले संविधान स्वीकृत गरी नेपालमा संघीय शासनपद्धति अवलम्वन भई संघीयताको कार्यान्वयन भइरहेको छ ।

तर, संघीयता यति विवादित र अलोकप्रिय भएको छ कि संघीयताकै कारण लोकतान्त्रिक गणतन्त्र र संविधानका बारेमा समेत नकारात्मक भाष्य बन्दै गएको छ । संघीयतालाई विदेशीद्वारा लादिएको प्रणालीको संज्ञा दिँदै जनस्तरका संवाद, सामाजिक सञ्जाल तथा डिजिटल माध्यममा तीव्र आलोचना र व्यापक नकारात्मक टिप्पणी हुँदै आएको छ । संघीयता र लोकतान्त्रिक गणतन्त्रले मुलुकको अर्थ–सामाजिक प्रगति गर्ने अपेक्षा गरिए पनि यो अवधिमा राजनीतिक अस्थिरता झनै बढ्दो छ । यस अवधिमा धेरै सरकारहरू निर्माण भए । कैयौँपटक संघीय र प्रदेश सरकारको मन्त्रिमण्डल पुनर्गठित भए ।

जनस्तरबाट लगातार संघीयता आर्थिकरूपमा नेपालका लागि बोझ भयो, त्यसैले प्रदेश तह खारेज गरौँ भन्ने सवाल उठिरहेको छ । सात प्रदेशमध्ये कुनै पनि प्रदेश आफ्नो शासन प्रशासन सञ्चालन गर्न आर्थिकरूपले सक्षम छैनन् । केन्द्रबाट दिने गरेको रकमबाट धेरै समयसम्म प्रदेश संरचनाको आर्थिक बोझ धान्न नेपालका लागि सम्भव छैन । पार्टीका कार्यकर्ता व्यवस्थापन गर्ने उद्देश्यले सिर्जना गरिएको भद्दा, अनावश्यक र खर्चिलो प्रदेश संरचना हो । संघीयताका कारण मुलुकमा आठवटा सरकार छन् । केन्द्रमा प्रतिनिधिसभा र राष्ट्रिय सभा गरेर ३३४ सदस्यीय संघीय व्यवस्थापिका छ । प्रदेशमा ५५० जना सांसद्को सङ्ख्या छ ।

केन्द्रीय संसद्का लागि हुने खर्चभन्दा दुई गुणा बढी प्रदेश संसद्का लागि खर्च हुने गरेको बताइएको छ । संघमा संसद्का लागि २ अर्ब र प्रदेशमा ४ अर्ब खर्च हुने गरेको छ । केन्द्रमा २५ सदस्यीय मन्त्रिमण्डल र प्रदेशमा राजनीतिक समीकरणमा हुने परिवर्तनका कारण प्रत्येक प्रदेशले मन्त्रालय फुटाएर मन्त्रीको सङ्ख्या बढाउँदै लगेका छन् । प्रदेशमा हुनुपर्ने ४९ वटा मन्त्रालयलाई फुटाएर ७८ भन्दा बढी मन्त्रालयको सङ्ख्या पुऱ्याएका छन् ।

कमजोर राजनीतिक संस्कार भएको मुलुकका ७६१ वटा सरकारको संघीयतासम्बन्धी आआफ्नै बुझाइ र व्यवहार देखिँदा यसको समुचित व्यवस्थापन चुनौतीपूर्ण मात्रै देखिएको छैन, नेपाली राजनीतिको आगामी मार्गचित्र अनेकौँ अस्थिर मोड र अनुमानविहीनता हुँदै अगाडि बढ्ने भयसमेत बढेर गएको छ । देशमा संघीय व्यवस्था ल्याइएसँगै राज्य पुनर्संरचनामा खर्च गर्नुपर्ने बाध्यता एकातिर बढ्यो भने अर्कोतिर प्रदेश संरचना र सोको प्रशासनिक खर्च व्यवस्थापन एवं बढ्दो सामाजिक उत्तरदायित्वका कारण चालू खर्च झनै बढेर गयो । अर्कोतिर पुँजीगत खर्चमा सुस्तता देखिने र सार्वजनिक ऋणको आकार बढ्दै जाने क्रम रोकिन सकेन । यसले गर्दा अहिले मुलुकको अर्थतन्त्र लयमा छैन । बजार माग सङ्कुचन हुँदै गएकाले लगानी कमजोर अवस्थामा पुगेको छ ।

प्रदेशको अन्त्यहीन राजनीतिक अस्थिरता र धारावाहिक सत्ताको खेल एवं प्रदेशका लागि आवश्यक कानुन, बजेट, प्रशासनिक संरचना र जनशक्तिको अभाव , राज्य, सरकार र पार्टीका संघीय सोच, संस्कार र अभ्यासको अभाव छ । डेलिभरी गरी संघीयताको औचित्य पुष्टि गर्न प्रदेश सरकारको असफलताजस्ता कारणले सिद्धान्त र उद्देश्य जतिसुकै सकारात्मक र लोकतान्त्रिक भए पनि नेपालमा संघीयता अलोकप्रिय पनि छ र विवादित पनि छ । प्रदेश सरकारलाई कार्यमूलक र प्रभावकारी बनाउने दृष्टिले संघीय सरकारले पनि सकारात्मक भूमिका निर्वाह गरेन । संविधानले परिकल्पना गरेको अधिकार प्रदेशलाई निक्षेपण नगरेको मात्रै होइन, उल्टै अधिकार केन्द्रीकृत गर्ने धृष्टतासमेत संघीय सरकारले गरेको देखियो । त्यसैले अहिलेसम्म पनि संघीयता पूर्णरूपमा कार्यान्वयन भइसकेको छैन ।

अझ संविधानलाई गहिरोसँग विश्लेषण गर्ने हो भने यो संविधानले संघीय इकाइलाई प्रदान गरेको अधिकार र त्यसको प्रयोगमा समेत व्यापक असङ्गति, विरोधाभास, अस्पष्टता र द्वन्द्व देखिन्छ । संघीय तहहरूको कार्यजिम्मेवारी र स्रोत परिचालनमा समेत मिसमास, दोहोरोपन/तेहरोपन देखिएको छ । नेपालको सन्दर्भमा संघीयता नौलो अभ्यासका रूपमा रहेको छ । यद्यपि, कुनै पनि शासनप्रणालीलाई जब अङ्गीकार गरिन्छ त्यसलाई व्यवहार र अभ्यासमा लैजाँदै गर्दा कतिपय आउने अप्ठ्यारा र तदनुसार कानुनको माध्यमबाट सजिलो बनाउँदै लैजाने कुरा हो । गर्दै जाँदा त्यसरी नै परिपक्व हुँदै जाने हो । आएका अप्ठ्यारालाई सामना गर्दै जाने र हटाउँदै जाने हो ।

एउटा शासनव्यवस्थालाई राम्रो र सुदृढ बनाउने यसरी नै हो । तर, संघीयता कार्यान्वयनका सन्दर्भमा राज्यसत्ता सञ्चालनकर्तामा अनिच्छा देखिएको छ । सञ्चालन–कर्ता भनेपछि सरकार मात्र होइन, राज्यभित्र सबै पर्छन् । संसद्, सरकार, न्यायपालिका, राज्यको चौथो अङ्ग सञ्चार क्षेत्रलगायत सबै पर्छन् । तर, हाम्रो जुन मानसिकता छ त्यो कतै न कतै अझै संघीयतालाई भित्रैदेखि स्वीकार गर्न नसकिएको हो कि भन्ने लाग्छ । संघीय, स्थानीय र प्रदेशले गर्ने काम, कर्तव्यमा पनि धेरै अलमल छ । कानुनकै अभाव छ । कानुन बनाइसकेपछि कार्यान्वयनका क्रममा कहाँ अप्ठ्यारो भयो भन्ने ठाउँमा हुनुपर्ने हो । तर, आआफ्नो अधिकार क्षेत्रमा रहेर त्यसलाई उपभोग गर्ने खालको वातावरण कानुनी ढङ्गले बनाउन सकेको स्थिति छैन । जस्तो कि शिक्षा विधेयक, कानुनमा एउटा कुरा लेखिएको छ अभ्यासमा अर्कै छ, त्यसैले विरोधाभास छ ।

संविधान संशोधनको सन्दर्भमा संविधानलाई १० वर्षमा पुनरावलोकन गर्ने भनेर संविधानमै लेखिएको छ । १० वर्षमा संविधानले गरेका व्यवस्था कति सफल भए भनेर अवलोकन गर्ने हो । जुन कुरा कार्यान्वयन गर्नका लागि कानुन नै बनाइएको छैन । जनताका इच्छा सम्बोधन गर्नका लागि पनि संशोधनको आवश्यकता हुन्छ । गलत नियतका साथ राज्यलाई निरङ्कुशतातर्फ धकेल्ने, जनताका अधिकार कटौती गर्ने, महिलाका अधिकार कटौती गर्ने, थारू, मधेशी, दलित, जनजातिका अधिकार कटौती गर्ने, संघीयतालाई नै खारेज गर्ने गरी वा अरू हिसाबले एक कदम पछाडि जाने गरी संविधान संशोधन हुन्छ भने त्यो प्रिय हुँदैन र ग्राह्य पनि हुँदैन । एक कदम अघि बढ्नका लागि सबैको सहमतिमा क्रमशः संशोधन गर्दै जानुपर्छ ।

चाहे युवाको विदेश पलायन रोक्ने कुरा होस् वा आर्थिक समृद्धिका कुरा, यी सबैका लागि पहिलो सर्त सुशासन नै हो । सुशासन भएन भने मुलुकमा रोजगारी सृजना र उत्पादन गर्न सक्दैनौँ र युवाको विदेश पलायन पनि रोक्न सक्दैनौँ । दुःखको कुरा के छ भने सरकार सुशासन कायम गर्नेभन्दा पनि नीतिगत भ्रष्टाचारलाई बढवा दिनेतर्फ केन्द्रित देखिन्छ । सुशासनका लागि राज्यव्यवस्था सञ्चालन गर्ने प्रमुख पदमा बस्ने व्यक्तिहरू नैतिकरूपले बाँधिएको हुनुपर्छ । उनीहरू नै सदाचारी, नैतिक हुनुपर्ने हुन्छ ।

संघीयता सुदृढीकरणका लागि गर्नुपर्ने काम धेरै छ, जस्तोः संघीयताका लागि ४० वटा ऐन संघले बनाइदिनुपर्ने छ । तर, त्यो बन्न सकेको छैन । संघीयता बलियो बनाउन निजामती सेवा ऐन, प्रहरी ऐन र शिक्षा ऐनलगायत थुप्रै ऐनहरू बन्न अझै बाँकी छ । प्राथमिक शिक्षाको जिम्मा स्थानीयलाई दिने कुरा संविधानमै लेखिएको छ । किनभने आफ्नो ठाउँमा भएको विद्यालयका बारेमा स्थानीयलाई जति थाहा हुन्छ त्यति संघलाई हुँदैन । स्थानीयलाई दिएको अधिकार उसैलाई कार्यान्वयन गर्न दिनुपर्छ, त्यसमा संघले अवरोध सृजना गर्नुहुँदैन । बरु संघले स्थानीय सरकारलाई बलियो बनाउन सहयोग गर्नुपर्छ । अहिले आएर शिक्षकहरूले हामी स्थानीयमा जाँदैनौँ भन्न मिल्दैन । संविधानमा जे लेखिएको छ त्यो कार्यान्वयन गर्नुपर्छ । केही बनेका कानुन पनि केन्द्रीकृत र एकात्मक सोचका साथ बनाइए । संघीयताका लागि योभन्दा ठूलो दुर्भाग्य अरू के हुन सक्छ ?

एकातिर संघीय संसद्ले संघीयता कार्यान्वयन गर्न कानुन नबनाउने, अर्कोतिर पर्याप्त बजेट, साधनस्रोत, जनशक्ति पनि उपलब्ध नगराउने । कानुन, बजेट, साधनस्रोत, जनशक्तिबिना संघीयता कार्यमूलक र प्रभावकारी कसरी हुन्छ ? संघीयता पूर्णरूपमा कार्यान्वयन नहुँदै कसरी असफल भएको निष्कर्ष निकाल्न मिल्छ र ? कागजमा संघीयता अनुसरण गरे पनि राज्य संरचना संघीयता अनुकूल छैनन्, सरकार र पार्टीका संस्कार, आचरण र अभ्यास पनि संघीयतासम्मत छैनन् । राज्य, सरकार र पार्टीका सोच, संस्कार र अभ्यासमा अहिले पनि एकात्मक र केन्द्रीकृत रुझान देखिन्छ । यस्तो सोच, संस्कार र अभ्यास कायम हुँदासम्म जतिसुकै उत्कृष्ट संघीय प्रणाली अनुसरण गरे पनि सफल हुने सम्भावना छैन । त्यसैले, समस्या प्रणालीमा भन्दा पनि राज्य, सरकार र पार्टीको सोच, संस्कार र अभ्यासमा छ ।

पार्टीहरू संघीयता पूर्णरूपमा लागू गर्न इमानदार प्रयास गरेनन् । प्रदेश संरचना नयाँ भएका कारण प्रदेशसभा पनि प्रभावकारी भएनन् र प्रदेश सरकारले डेलिभरी गर्न सकेनन् । जनभावनाअनुसार डेलिभरी गरेर प्रदेशको औचित्य पुष्टि गर्ने अवसर पार्टी र प्रदेश सरकारले पाएका थिए, तर गुमाए । त्यसैले संघीयकरणको प्रक्रिया सोचेभन्दा लामो, जटिल र विवादास्पद भयो । जनताको विचार र प्रतिक्रियाका आधारमा विश्लेषण गर्दा प्रदेश संरचनाप्रति जनताको विश्वास, स्वामित्व र अपनत्व नै नभएको जस्तो देखिन्छ ।

यदि जनमतसङ्ग्रह गर्ने हो भने सम्भवतः संघीयता अस्वीकृत हुनेछ । संघीयता सापेक्षित विषय हो । यो राज्य सञ्चालनको एक शासकीय मोडल हो । हाल संयुक्त राष्ट्रसंघमा आबद्ध १९५ देशमध्ये २८ वटा देशमा संघीयतासहितको शासनप्रणाली अवलम्बन गरिएको पाइन्छ । संघीयता अनुसरण गर्ने देशका संघीयता अवलम्बन गर्नुका भिन्न–भिन्न कारक/मानक र भू–परिवेशहरू हुन सक्छन् । त्यसैले, सर्वप्रथम संघीयता शासनको अन्तिम र उत्तम विकल्प नभई एक सापेक्षित, गतिशील र भू–राजनीतिक विषय हो भनेर बुझ्न आवश्यक छ । मूलतः देशको अखण्डतालाई अक्षुण्ण राख्दै स्रोतसाधन र सार्वभौमसत्तासँग सम्बन्धित अधिकारको प्रयोगमा संघीय इकाइहरूबीच राज्यशक्ति बाडँफाँट गरी शासन सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता यस प्रणालीको रहेको पाइन्छ । एकल र साझा अधिकारहरूको प्रयोगमा संवैधानिक बन्दोबस्ती संघीयताको सार हो । संघीयताको पूर्ण कार्यान्वयन गरी संस्थागत विकास गर्न संविधानको भावना र संघीयताको सिद्धान्तलाई आत्मसात् गरेर थप अधिकार तथा साधनस्रोतसम्पन्न, जनतामुखी, कार्यमूलक र प्रभावकारी प्रणालीका रूपमा रूपान्तरण गर्नुपर्छ । हालसम्म अभ्यासका क्रममा देखिएका कमीकमजोरीलाई सम्बोधन गर्न प्रदेश सरकारलाई सुधार र सबलीकरण गर्नु नै अहिलेको उपयुक्त विकल्प हो ।

यदि संघीयतालाई सफल र प्रदेश संरचनालाई प्रभावकारी बनाउने हो भने आवश्यकता परे संविधानसमेत संशोधन गरेर अविलम्ब संविधानप्रदत्त अधिकार बिनासर्त निक्षेपण गरिनुपर्छ । समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्तअनुसार संघीयतालाई पुनः परिभाषा र थप व्याख्या गर्नुपर्छ । संविधानको अक्षर र भावना पनि यही हो, नेपालका लागि उपयुक्त मोडल पनि यही हो । प्रदेशको निर्वाचन प्रणाली पुनरावलोकन गर्नुपर्छ । समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित हुन १.५ प्रतिशतबाट बढाएर कम्तीमा ३ प्रतिशत थ्रेसहोल्ड कायम गर्न आवश्यक छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको ४० प्रतिशत पनि घटाएर २० प्रतिशत कायम गरी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ ।

समानुपातिक निर्वाचन प्रणाली–अन्तर्गत खस–आर्य, जनजाति, मधेशीलगायत प्रत्यक्ष निर्वाचन लडेरै संसद् पुग्न सक्ने क्लस्टर कटौती गरी महिला, दलित र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व प्रत्याभूत गर्न सकिन्छ । प्रदेशसभाका सांसद् र मन्त्रालयको संख्याका बारेमा व्यापक आलोचना भएको छ । हाल ३३० प्रत्यक्ष र २२० समानुपातिक प्रणालीद्वारा निर्वाचित गरी ५५० जना सांसद् हुने व्यवस्था छ । प्रदेशमा यति ठूलो संख्यामा सांसद् आवश्यक छैन । मन्त्रालयको संख्या पनि घटाउनुपर्छ । यदि यति सुधार गरियो भने सापेक्षिकरूपमा राजनीतिक स्थायित्वको सम्भावना बलियो हुनेछ । भद्दा, बोझिलो र खर्चिलो संरचना भन्ने आरोपको पनि सम्बोधन हुनेछ ।

अल्पसंख्यक, सीमान्तकृत र वञ्चिती–करणमा परेका समुदायलाई समेत मूल प्रवाहमा समाहित गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आयामबाट उत्थान गर्न संघीयता लागू गरिएको हो । बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक, बहुजातीय नेपालको पहिचान, प्रतिनिधित्व, पहुँचका दृष्टिले संघीयताले सकारात्मक योगदान गरेको छ । संघीयताको कारणले नै मधेशी, महिला, जनजाति, थारू, मुस्लिम समुदायबाट मुख्यमन्त्री भएका छन् भने दलित समुदायबाट प्रदेश प्रमुख भएका छन् । बहुलता र विविधता नेपालको समस्या होइन । यो नेपालको पहिचान, सम्पदा र संस्कृति हो । यसको संवर्धन र प्रवर्धन संघीयताले गर्छ ।

कुनै पनि प्रणाली निरपेक्षरूपमा सही वा गलत हुँदैन । बरु, प्रणाली सफल वा असफलताको निर्धारक भनेको त्यसले प्रवाह गर्ने सेवाको गुणात्मकता हो । त्यसलाई सञ्चालन गर्ने पात्र र प्रवृत्तिले हो । असल र सुसभ्य शासनमा गुणस्तरीयता मापन गर्दा विकास, सुशासन, समृद्धि र स्वाभिमानलाई मानकका रूपमा लिइन्छ । हाम्रो संघीयताले पनि यी मानकहरू ग्रहण गर्दै हरेक नेपालीजनलाई राष्ट्रनिर्माणमा जोड्न सक्नुपर्दछ । प्रणालीप्रति जनविश्वास आर्जन गर्न सक्नुपर्छ । नागरिकको सामर्थ्य विस्तार, उनीहरूको गोपनीयताको रक्षा, ज्यान/धनको सुरक्षा, देशभित्रै रोजगारीको अवसर र आत्मसम्मान श्रीवृद्धि गर्न सक्नुपर्छ । यसका लागि मौलिकता सुहाउँदो शासकीय प्रणाली हुन आवश्यक छ ।

खारेजी होइन सुधार, सबली–करण र अधिकारसम्पन्न संघीयता नै समस्याको समाधान हो । संघीयताको विकल्प थप उन्नत, उदार र जनमुखी संघीयता हो । तर, संघीयताको विकल्प एकात्मक प्रणाली होइन र हुन सक्दैन । किनभने नेपालको केन्द्रीकृत र एकात्मक राज्यको पुनर्संरचना गरी तल्लो तहका सरकार र जनतामा अधिकारको निक्षेपण गर्नु अपरिहार्य छ ।

**संघीयता यति विवादित र अलोकप्रिय भएको छ कि संघीयताकै कारण लोकतान्त्रिक गणतन्त्र र संविधानका बारेमा समेत नकारात्मक भाष्य बन्दै गएको छ । संघीयतालाई विदेशीद्वारा लादिएको प्रणालीको संज्ञा दिँदै जनस्तरका संवाद, सामाजिक सञ्जाल तथा डिजिटल माध्यममा तीव्र आलोचना र व्यापक नकारात्मक टिप्पणी हुँदै आएको छ । संघीयता र लोकतान्त्रिक गणतन्त्रले मुलुकको अर्थ–सामाजिक प्रगति गर्ने अपेक्षा गरिए पनि यो अवधिमा राजनीतिक अस्थिरता झनै बढ्दो छ ।**

## दृष्टिकोण



**कुनै पनि प्रणाली निरपेक्षरूपमा सही वा गलत हुँदैन । बरु, प्रणाली सफल वा असफलताको निर्धारक भनेको त्यसले प्रवाह गर्ने सेवाको गुणात्मकता हो । त्यसलाई सञ्चालन गर्ने पात्र र प्रवृत्तिले हो । असल र सुसभ्य शासनमा गुणस्तरीयता मापन गर्दा विकास, सुशासन, समृद्धि र स्वाभिमानलाई मानकका रूपमा लिइन्छ । हाम्रो संघीयताले पनि यी मानकहरू ग्रहण गर्दै हरेक नेपालीजनलाई राष्ट्रनिर्माणमा जोड्न सक्नुपर्दछ । प्रणालीप्रति जनविश्वास आर्जन गर्न सक्नुपर्छ ।**

# पन्ड्स स्किन इन्स्टिच्युटले ल्यायो सौन्दर्य र विज्ञानको नयाँ युग

भरतपुर । पन्ड्सले बजारमा आफूलाई पुनः प्रस्तुत गर्दै उपभोक्ताको व्यक्तिगत छाला सम्बन्धित समस्याहरूको समाधानका लागि शक्तिशाली तत्त्वहरू र फराकिलो प्रोडक्टहरूका साथ समाधान प्रस्तुत गरेको छ । महिलाहरूलाई नवीनतम विज्ञानको साथ उत्कृष्ट त्वचासम्बन्धी चमत्कारी परिणाम दिने उद्देश्यबाट प्रेरित यस ब्रान्डले नयाँ ट्यागलाइन 'मिराकल्स ह्याप्पेन्स' प्रस्तुत गरेको छ ।

पन्ड्स स्किन इन्स्टिच्युटले विज्ञानमा आधारित फर्मुलाले उपभोक्तामा आशा र त्वचामा वास्तविक परिवर्तन ल्याउने लक्ष्य राखी पन्ड्स ब्रान्डको दृश्य पहिचानलाई परिवर्तन गर्दै पन्ड्सबाट पन्ड्स स्किन इन्स्टिच्युटमा नाम परिवर्तन गरेको छ, जसले ब्रान्डको आधारभूत विषयवस्तुका रूपमा अनुसन्धान, विज्ञान र विशेषज्ञतालाई उजागर गर्दछ ।

पन्ड्स स्किन इन्स्टिच्युटले आफ्ना फर्मुलामा तीन प्रमुख इन्ग्रिडियन्टहरू प्रस्तुत गरेको छ– निआसिनामाइड, हायल्युरोनिक एसिड र सक्रिय चारकोल, जुन यसको फेसवास र फेस मोइस्चराइजरहरूजस्ता प्रमुख प्रोडक्टहरूमा पाइन्छ र प्रत्येक इन्ग्रिडियन्ट त्वचाको विशेष समस्यामा लक्षित छ । ब्रान्डले नयाँ र नवप्रवर्तन प्रोडक्टहरूको माध्यमबाट नेपालमा विश्वव्यापी गुणस्तरअनुसार उपभोक्तालाई उत्तम समाधान दिन चाहन्छ ।

पन्ड्स स्किन इन्स्टिच्युटको ब्राइट ब्युटी सिरम क्रिममा निआसिनामाइड मुख्य इन्ग्रिडियन्टको रूपमा पाइन्छ, जुन छालाका तहहरूमा गहिरो प्रवेश गर्छ (एपिडर्मिस भित्र), ९६ प्रतिशत स्पट रिडक्सन (स्पट रिडक्सनका लागि गरिएको क्लिनिकल अध्ययनको आधारमा) र चम्किलो त्वचा प्रदान गर्छ ।

नयाँ प्रस्तुत गरिएको पन्ड्स सुपरलाइट जेलमा हायल्युरोनिक एसिड मुख्य इन्ग्रिडियन्टको रूपमा पाइन्छ, जसले २०० प्रतिशत तत्काल हाइड्रेसन (२०१९ मा गरिएको क्लिनिकल अध्ययनका आधारमा) प्रदान गर्दछ, जसले छालालाई अघिल्लो भन्दा नयाँ र हाइड्रेसनयुक्त राख्छ । डिटक्स रेंजको फेसवास जसमा सक्रिय चारकोल प्रभावकारी (एड्सोर्प्सनद्वारा) हुन्छ र साना प्रदूषणका कणहरू बाहिर ल्याउँछ, जसले छालालाई चम्किलो बनाउँछ ।

उत्पत्तिदेखि नै बलियो आधारहरू रहेको यस ब्रान्डले १७५ वर्षभन्दा बढी समयदेखि विश्वभरमा आफ्नो उपस्थिति कायम राखेको छ । पन्ड्स अहिले ६० भन्दा बढी देशहरूमा पुगेको छ । पन्ड्सले विज्ञानमा विश्वव्यापी अग्रणी भूमिका खेल्दै आएको छ ।




ऐतिहासिकरूपमा हेर्दा पन्ड्सले पहिलो वेनिसिङ (छालाले सोस्ने प्रकारको) क्रिमको आविष्कार गरेको थियो । पन्ड्स सधैँ त्वचा विशेषज्ञको रूपमा रहेको छ र यसको यस साहसिक दाबीलाई प्रमाणित गर्न सशक्त प्रमाणहरू छन्, जुन ७०० वैज्ञानिक र अनुसन्धानकर्ताहरू र ५ ग्लोबल आरएन्डडी अर्थात् अनुसन्धात्मक सेन्टरहरूको मद्दतले सम्भव भएको हो । पन्ड्स सधैँ प्रतिष्ठित सौन्दर्य ब्रान्डको रूपमा रहेको छ । पन्ड्स सधैँ वैज्ञानिक नवप्रवर्तनमार्फत उत्कृष्ट त्वचा प्राप्त गर्न प्रेरित गर्दै आएको छ ।

युनिलिभर नेपाल लिमिटेडका मुख्य कार्यकारी अधिकृत र प्रबन्ध निर्देशक अम्लन मुखर्जीले भने, "हाम्रो ब्रान्ड पन्ड्स स्किन इन्स्टिच्युट उपभोक्तासँग समकालीन र सान्दर्भिक रहन चाहन्छ, उनीहरूका आवश्यकताहरू र चासोहरूको बुझाइ राख्न चाहन्छ र उनीहरूसँगै अघि बढ्न चाहन्छ । उपभोक्ताहरू हाम्रो ब्रान्डको मुटुमा छन्, त्यसैले हामी उनीहरूलाई निरन्तर बुझ्दै जान चाहन्छौँ, जसले गर्दा हामी उनीहरूको आवश्यकताहरू पूरा गर्न नयाँ उत्पादनहरू प्रस्तुत गर्न सक्छौँ । म यो कार्यक्रममार्फत यी प्रोडक्टहरू नेपाली बजारमा प्रस्तुत गर्न पाउँदा खुसी छु ।"

पन्ड्सले १६ चैतमा हायात रिजेन्सीमा पन्ड्स कसरी उपभोक्ताका आवश्यकताअनुसार आफूलाई पुनः आकार गर्दैछ भन्नेबारे एक प्यानल छलफल गरेको थियो । प्यानलमा अध्यक्षता वैद्य (स्किनकेयर अनुसन्धान र विकास प्रमुख, पन्ड्स भारत बियु), डा. सृजना श्रेष्ठ (सल्लाहकार तथा छालारोग विशेषज्ञ, लेजर र एस्थेटिक चिकित्सक), गीताञ्जली कार्की (स्किन केयरप्रेमी, मेकअप आर्टिस्ट र फिटनेस कोच) र रुचि श्रेष्ठ (विज्ञापन प्रबन्धक, युनिलिभर नेपाल) रहेका थिए ।

# फोटोन माउन्टेन इभीको आधिकारिक सुरुवात

भरतपुर । कमर्सियल भेहिकल्स र दिगो मोबिलिटी सोलुसन्समा विश्वकै अग्रणी फोटोन मोटरले फोटोन माउन्टेन इभीको आधिकारिक सुरुवात गरेको छ । यो इलेक्ट्रिक



पिकअप नेपालको विविधतायुक्त र चुनौतीपूर्ण भूभागका लागि विशेषरूपमा इन्जिनियरिङ गरिएको छ । यस आकर्षक मोडलले फोटोनको इन्नोभेसन, दिगोपन र नेपालको सडक र भौगोलिक अवस्थाका लागि आवश्यक पर्ने हाई–पर्फर्मेन्स सोलुसन्स प्रदान गर्ने लक्ष्य एमएडब्लू वृद्धिले लिएको छ ।

नेपालले आफ्नो राष्ट्रिय दिगोपन लक्ष्यहरूको एक हिस्साको रूपमा विद्युतीय सवारीसाधनहरू अपनाउन विशेष प्राथमिकता दिइरहेको बेला फोटोन माउन्टेन इभीको सुरुवात हुनु कार्बन उत्सर्जन र इन्धन निर्भरता घटाउने दिशामा एक महत्त्वपूर्ण कदम हो । सुरक्षा, दक्षता र कार्यसम्पादनको उच्चतम विश्वव्यापी मापदण्डहरू पालना गर्ने अत्याधुनिक इभीहरू लन्च गरेर स्वच्छ ऊर्जा समाधानहरूको प्रयोगमा नेपाललाई सघाउन फोटोन प्रतिबद्ध छ ।

लन्च कार्यक्रममा बोल्दै फोटोन मोटरका सिइओ तुषार गुप्ताले दिगो इनोभेसनप्रति कम्पनीको रणनीतिक दृष्टिकोण र समर्पणमा जोड दिए । उनले भने, “विकसित हुँदै गरेको नेपालको यातायात क्षेत्रलाई कार्यसम्पादन, दिगोपन र विश्वसनीयतालाई एकीकृत गर्ने सोलुसन्सको आवश्यकता पर्दछ । फोटोन माउन्टेनमा इभी इन्जिनियरिङ उत्कृष्टता र वातावरणीय जिम्मेवारीप्रतिको हाम्रो प्रतिबद्धता जोडिएको छ । नेपालको भौगोलिक चुनौतीहरूको सामना गर्न विशेषरूपमा डिजाइन गरिएको यो मोडलले कुशल, टिकाउ र पर्यावरणमैत्री यातायात समाधान प्रदान गरेर पिकअप सेगमेन्टमा नयाँ रिभोलुसन स्थापित गर्दछ ।”

शक्तिशाली, टिकाउ र दिगोपनको संयोजन प्रदान गरेर फोटोन माउन्टेन इभीले नेपालको पिकअप ट्रक बजारमा ठूलो परिवर्तन ल्याउने तयारी गरेको छ । यो गाडी व्यवसाय, फ्लिट अपरेटर र भविष्यमुखी मोबिलिटी सोलुसन्स खोज्ने प्रयोगकर्ताहरूका लागि भरपर्दो र किफायती विकल्प बन्ने अपेक्षा गरिएको छ ।

यातायातका लागि उच्चस्तरीय समाधानहरूको विकास गर्न र ती साधनहरू उपलब्ध गराउन क्रियाशील एमएडब्लू वृद्धि कमर्सियल नेपालको एक व्यावसायिक सवारीसाधन आपूर्तिकर्ता हो । कम्पनी फोटोन सवारीसाधनहरूको अधिकृत वितरक हो, जो ग्राहक सन्तुष्टि पूरा गर्दै आफ्नो विश्वसनीयता र कार्यसम्पादनमा गर्व गर्दछ । एमएडब्लू वृद्धि कमर्सियलले उच्च गुणस्तरका सवारीसाधन र विश्वस्तरीय आफ्टर सेल्स सर्भिसका साथ कमर्सियल बिजनेसहरूलाई समर्थन गर्न देशभर शोरुम र सेवा केन्द्रहरूको ठूलो नेटवर्क खडा गरेको छ ।

## बागमती प्रदेशको चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १ मा ओम भेनियर एण्ड प्लाई उद्योग प्रा.लि. द्वारा भेनियर तथा प्लाई उत्पादन गर्ने उद्योग स्थापना तथा सञ्चालन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनसम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति २०८१/१२/२०*

ओम भेनियर एण्ड प्लाइ उद्योग प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ओम भेनियर एण्ड प्लाइ उद्योग प्रा.लि.<br>खैरहनी नगरपालिका, वडा नं.१, चितवन<br>बागमती प्रदेश, नेपाल<br>फोन नं.: ९८५२०७२१२० (ओम बहादुर थापा) |
| प्रस्तावको व्यहोरा | भेनियर तथा प्लाइ उत्पादन गर्ने उद्योग<br>उत्पादन क्षमता : वार्षिक १,२७,९५२.७६ घन फिट भेनियर तथा ५४,१५० घन फिट प्लाईबोर्ड उत्पादन<br>जग्गा कित्ता नं. ७०, ३८६, ३८७, ३८८ र ३८९ (क्षेत्रफल ११११४०.९२७ वर्ग. मि.) |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | चितवन जिल्ला/खैरहनी नगरपालिका वडा नं. १ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरूको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न खैरहनी नगरपालिका वडा नं. १ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ओम भेनियर एण्ड प्लाइ उद्योग प्रा.लि.<br>खैरहनी नगरपालिका, वडा नं.१, चितवन, बागमती प्रदेश, नेपाल<br>फोन नं.: ९८५२०७२१२० (ओम बहादुर थापा)<br>इमेल: omveneer@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | स्रष्टा कन्सल्ट प्रा.लि.<br>शान्ति टोल, भरतपुर महानगरपालिका, चितवन, बागमती प्रदेश, नेपाल । फोन नं. +९७७ ०५६–५९०९०३<br>इमेल: srashtaaconsult@gmail.com |

HOTEL HAPPY HOME
Kamalnagar, Narayangarh, Chitwan |Tel : 056-596239
Room | Food | Bar
(स्तरीय सुविधासम्पन्न रूमहरू तथा नारायणगढमै सदाबहार थारू खानाका परिकारहरू छानी छानी खान पाइने एक मात्र ठाउँ)

“हामी सबैको रहर सुन्दर घर, व्यवस्थीत शहर”
चितवनमा तपाईको आफ्नो घर/घडेरी किस्तावन्दिमा
मासीक रू १०,००० भुक्तानीमा घडेरी खरीद गर्नुहोस्
बीजयनगर कोलोनी: भरतपुर - १६ — गौतम बुद्ध रंगशाला बाट २.५ कि.मि. नजिकै
८ धुर जग्गाको रू. ५,००,००० भुक्तानी गरि बाकी रकम रू. १०,०००/- मासिक किस्तावन्दिमा घडेरी खरीद गर्नुहोस् ।
अनन्त आवासीय क्षेत्र, बाह्रघरे, नारायणगढ — पुर्व पश्चिम राजमार्गबाट ४ कि.मि. भित्र
८ धुर जग्गाको रू. १५,००,००० भुक्तानी गरि बाकी रकम रू. ३०,०००/- मासिक किस्तावन्दिमा घडेरी खरीद गर्नुहोस् ।
डाउन पेमेण्ट संगै जग्गा पास गरिने *
६ मिटर बाटो भएको । बिद्युतको सुविधा भएको । खानेपानीको सुबीधा ।
अन्य स्थानहरू: भरतपुर म.न.पा. वडा नं. ९ आस्था चोक, प्रेमवस्ति आवासिय क्षेत्र भ.म.न.पा. ७, रत्ननगर न.पा. वडा नं. ३ पुर्व पश्चिम राजमार्ग संगै बुढाथोकी कटन मिल, रत्ननगर न.पा. वडा नं. १४ पीठुवा डुम्रीचोक, गैडाकोट न.पा. वडा नं. ३ कंग्रेस चोक नजिकै, आवासिय घडेरी धमाधम विक्रिमा रहेको छ ।
सम्पर्क: ०५६-५९८३१५, ९८५५०५९८५३/ ९८०२९५६०३३
* शर्त हरु लागु हुनेछ ।

# ह्युल छौँज धीँले मनायो तमू एकता दिवस

भरतपुर । तमू ह्युल छौँज धीँ चितवनले १६औँ तमू एकता दिवस मनाएको छ । २०६५ साल चैत १८ गते देशभरका तमू समुदायका लागि गठन भएका विभिन्न संघसंस्था एकै ठाउँमा गोलबद्ध भएको दिनको सम्झनामा तमू ह्युल छौँज धीँले हरेक वर्ष चैत १८ गते तमू एकता दिवस मनाउँदै आएको छ ।

सोहीअनुसार यसवर्ष पनि ह्युल छौँज धीँ चितवनले नियमित कार्यक्रमअन्तर्गत एकता दिवस मनाएको अध्यक्ष विमलादेवी गुरुङले जानकारी दिइन् । उनले गुरुङ समुदायलाई राज्यसँग आफ्नो हकअधिकार माग गर्नेदेखि सामुदायिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको स्मरण गराउँदै अग्रजहरूकै मार्गमा यात्रा गर्दा ह्युल छौँज धीँ १६औँ एकता दिवस मनाउन सफल भएको बताइन् ।

कार्यक्रममा बोल्दै तमू ह्युल छौँज धीँ बागमती प्रदेश प्रमुख गणेशबहादुर गुरुङले गुरुङ समुदायका मानिसहरू जुनसुकै ठाउँमा बसोवास गरे पनि विचार र सिद्धान्तमा एक ठाउँ उभिनुपर्ने बताए । सुखदु:खमा सबै तमूहरू एक ठाउँमा खम्बा भएर उभिन सक्नुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा तमूस्यो ह्युल छौँज धीँ गुरुङ महिला राष्ट्रिय परिषद् चितवनकी अध्यक्ष सीतादेवी गुरुङ, नेपाल तमू विद्यार्थी छौँज धीँका केन्द्रीय अध्यक्ष पवन गुरुङलगायतले पनि शुभकामना मन्तव्य राखेका थिए ।

तमू ह्युल छौँज धीँ चितवनका सचिव किशोर गुरुङले सहजीकरण गरेको कार्यक्रममा संस्थाका सल्लाहकारहरू चन्द्रमान गुरुङ, शिवबहादुर गुरुङ, केन्द्रीय सदस्य गोपीराम गुरुङ, केद्रीय अनुगमन तथा निर्देशन समितिका सदस्य पदमबहादुर गुरुङलगायतको पनि उपस्थिति थियो ।

# लियो जिल्ला परिषद् ३२५ आर नेपालको अध्यक्षमा पौडेल

भरतपुर । लियो जिल्ला परिषद् ३२५ आर नेपालको लायन वर्ष २०२५–२६ को अध्यक्षमा विज्ञान पौडेल निर्वाचित भएका छन् । यस्तै, तेस्रो काउन्सिल मिटिङ तथा तेस्रो कन्फरेन्समा लायन वर्ष २०२५–२०२६ को उपाध्यक्षमा गौरव उपाध्याय निर्वाचित भएका छन् ।

ललनकुमार महतोको अध्यक्षतामा सम्पन्न तेस्रो काउन्सिल मिटिङ तथा जिल्ला सम्मेलनमा लायन डिष्ट्रिक्ट गभर्नर दीनानाथ न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो ।

नवनिर्वाचित अध्यक्ष विज्ञान पौडेलले धन्यवाद ज्ञापन गर्दै आफ्नो कार्यकालमा लियो जिल्ला परिषद् ३२५ आर नेपाललाई अझ उचाइमा पुऱ्याउने अठोट गरे । उनले भने, ‘हामी सबै लियो साथीहरूको सहकार्य, नवीन विचार र समाजसेवामा समर्पणका कारण आजको यो सफलता सम्भव भएको हो ।’

लायन वर्ष २०२५–२६ का लागि नयाँ योजना र लक्ष्यहरू तय गर्ने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्ष पौडेलले सचिवमा विकास पाण्डे र कोषाध्यक्षमा लियो दिपेश टी. खत्रीलाई चयन गरेका छन् ।

कार्यक्रममा बोल्दै नवनिर्वाचित उपाध्यक्ष गौरव उपाध्यायले जिल्ला परिषद्लाई सदैव उचाइमा पुऱ्याउनका लागि सधैँ सेवामा लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

**ट्राफिक नियम पालना गरौँ, दुर्घटनाबाट बचौँ ।**

# स्वदेशी जुत्ता-चप्पल प्रवर्द्धन तथा व्यापार मेला

भरतपुर । भरतपुरस्थित चितवन एक्स्पो सेन्टरमा चौथो चितवन स्वदेशी जुत्ता–चप्पल प्रवर्द्धन तथा व्यापार मेला–२०८१ सञ्चालनमा छ । चितवन उद्योग संघ र नेपाली जुत्ता घरको संयुक्त आयोजनामा सञ्चालन भैरहेको चौथो चितवन फुटवेयर एक्स्पो चितवन जुत्ता–चप्पल मेलामा छवटा कम्पनीको स्वदेशी उद्योगबाट उत्पादित एक हजारभन्दा बढी प्रकारका जुत्ता–चप्पल राखिएका छन् ।

जुत्ता–चप्पल मेलामा ३० बढी स्टल राखिएको नेपाली जुत्ता घरका अध्यक्ष होमनाथ उपाध्यायले जानकारी दिए । स्वदेशी उत्पादनका बारेमा आमउपभोक्तालाई स्थलगत अवलोकन गराई आफ्ना उत्पादनका बारेमा जानकारी गराउने उद्देश्यले चौथोपटक मेला आयोजना गरिएको उनको भनाइ छ ।

मेलामा बिएफ डियरहिल सुज, फर्स्ट वाक सुज, शिखर सुज, रन सुज, स्मार्ट सुज, सु ल्यान्ड सुज, हाइलाइफ ब्रान्डका जुत्ता, चप्पल तथा छालाबाट उत्पादित सामग्री उपलब्ध रहेका छन् । नेपालमा एक हजार पाँच सय उद्योग रहेको नेपाली जुत्ता–चप्पल उद्योगमा ३० अर्ब रुपैयाँको लगानी रहेको छ ।

जुता–चप्पल मेला २०८२ वैशाख १० गतेसम्म सञ्चालन हुने छ । प्रथम, दोस्रो र तेस्रो जुत्ता–चप्पल मेला आयोजना गरिसक्दा ग्राहकको उत्साहजनक उपस्थितिले मेला सफल र राम्रो भएकाले पुन: चौथोपटक मेला आयोजना गरिएको उनले बताए ।



एक महिनासम्म सञ्चालन हुने मेलामा एक करोड ५० लाख रुपैयाँको कारोबार हुने अपेक्षा गरिएको छ । मेलामा प्रत्येक जुत्ता–चप्पल खरिदमा १५ देखि ५० प्रतिशतसम्म छूटको व्यवस्था गरिएको छ ।

पान: ३००९७३१६७
DHL EXPRESS · FedEx · aramex delivery unlimited
शंकरसिंह गुरुङ्ग
मो.: ९८४६३५०५८७, ९८११८७१५३०
फोन: ०५६-५९०५९१
साझा कुरियर एण्ड कार्गो प्रा. लि.
शहीदचोक, पिया मार्केट, नारायणगढ (सन्चो फर्माको पछाडी)



औषधी · सुकुटी · कपडाहरू · खानेकुराहरू
UK, Hongkong, USA सुकुटी, खानेकुरा, घ्यू, औषधी, कपडा तथा डकुमेन्ट जुनसुकै देशहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

## आवश्यकता

1. Factory helper (10 जना, तलब : 14000-20000)
2. Sales boy/girl (2 जना, ९:३०–६:००, तलब : 10000)
3. Cow firm (2 जना, समझदारीमा)
4. Online boy (2 जना)
5. Reception (2 जना, ९:३०–५:००, तलब : 10000)
6. घरमा बस्ने, बुढाबुढीको हेरचाह गर्ने २ जना (बस्न, खान, तलब : 12000
7. Waiter - (4 जना, विभिन्न राम्रा होटल, तलब : 10K-12K)
8. Delivery boy - (2 जना, तलब : 15000+fule)
9. Marketing (2 जना, तलब : 25000-35000)
10. Light driver/mini (1 जना)
11. Supervisor - (1 जना, तलब : 25000)

**नेशनल जब लिङ्क** (१० वर्ष पुरानो)
भरतपुर–१०, वीरेन्द्र क्याम्पस २ नम्बर गेट
फोन : ०५६-५१०१३२, ९८५५०१७३७०

## कर्मचारी आवश्यकता

| क्र. | पद | संख्या | तलब/सुविधा |
|---|---|---|---|
| 1. | रिसेप्सन | 11 जना | 10,000/- देखि 15,000/- |
| 2. | एकाउन्टेन्ट | 10 जना | 15,000/- देखि 22,000/- |
| 3. | सेल्स गर्ल (पसलमा) | 15 जना | 10,000/- देखि 13,000/- |
| 4. | सेल्स ब्वाई (पसलमा) | 15 जना | 12,000/- देखि 15,000/- |
| 5. | मार्केटिङ्ग (केटा/केटी) | 10 जना | 15,000/- देखि 20,000/- |
| 6. | वेटर (केटा/केटी) | 10 जना | 12,000/- देखि 15,000/- |
| 7. | कुक/कुक हेल्पर | 11 जना | 20,000/- देखि 25,000/- |
| 8. | कम्पनी हेल्पर | 10 जना | 15000/- देखि 18000/- |
| 9. | बाइक राइडर | 10 जना | 18000/- |

**A2Z JOB LINK**
भरतपुर -10, (CMC)पछाडि, शान्ति चोक, चितवन
फोन : (056-494551 / 9855088526 / 9706084497)
दक्ष कर्मचारी तथा योग्यता अनुसारको रोजगार चाहिएमा हामीलाई सम्झनुहोस्।

## शिक्षक आवश्यकता

यस श्री भीमचन्द्र आधारभूत विद्यालय भरतपुर–२०, भीमनगर चितवनमा रिक्त रहेको प्रा.वि. युवा स्वयंसेवक शिक्षकको दरबन्दीमा करारमा शिक्षक नियुक्तिका लागि भरतपुर महानगरपालिका चितवनको २०८१।१२।१९ को चलानी नं. ५२१६ को प्राप्त अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको २०८१।१२।१८ को निर्णय अनुसार खुल्ला विज्ञापनबाट बढीमा १ वर्षको लागि करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक र योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपशिल :
विज्ञापन नं.०४/०८१/८२
पद : प्रा.वि. युवा स्वयंसेवक शिक्षक (करार)
संख्या : एक (१)
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
योग्यता : विज्ञान संकायमा २ वा सोसरह .
दरखास्त दस्तुर : रु. ७००।– (सात सय रुपैया मात्र)
तलब स्केल : स्वयंसेवक शिक्षक कार्यविधि अनुसार
दरखास्त आह्वान मिति : २०८१।१२।२०
दरखास्त दिने अन्तिम मिति: २०८१।१२।२६ गते ४:०० बजेसम्म ।
सम्पर्क मिति : २०८१।१२।२७ गते ४:०० बजेसम्म ।
परीक्षाको किसिम : कक्षा अवलोकन र अन्तरवार्ता ।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
आवश्यक कागजातहरू : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरू । हस्तलिखित निवेदनसहित दरखास्त दिन उमेदवार स्वयं विद्यालयमा उपस्थित हुनुपर्नेछ ।
सम्पर्क : ९८४५०८०३५१, ९८४५०१८७६५

प्रधानाध्यापक
**श्री भीमचन्द्र आधारभूत विद्यालय**
भरतपुर–२०, भीमनगर चितवन

## शिक्षक आवश्यकता

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यलय, शैक्षिक प्रसासन महाशाखा भरतपुर चितवनको मिति २०८१/१२/१७ को प.सं. २०८१/०८२ च.नं. ५१६७ को प्राप्त पत्र अनुसार र यस विद्यालयको वि.व्य.स को मिति २०७९/१२/०४ को निर्णय अनुसार यस विद्यालयमा भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय शैक्षिक प्रशासन महाशाखाबाट प्राप्त दरबन्दीमा तपशिलको विषयको करार युवा स्वयंसेवक शिक्षक पदमा बढीमा मिति २०८२ असार मसान्तसम्मको लागि तपशिल बमोजिम योग्यता पुगेका नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ । म्याद नाघी आएको र रीत नपुगेका निवेदन उपर कुनै कारबाही नहुने ब्योहोरा समेत यसैसाथ सूचित गरिन्छ ।

विज्ञापन नं. : ०१/२०८१/०८२
१) आधारभूत तह (करारमा युवा स्वयंसेवक शिक्षक)

| क्र.सं | माग गरिएको विषय | माग संख्या | योग्यता | कैफियत |
|---|---|---|---|---|
| क. | अंग्रेजी | १ (एक) | अंग्रेजी मुल विषय भई १२ कक्षा वा सो सरह पास गरेको । | |
| ख. | विज्ञान | १ (एक) | विज्ञान मुल विषय भई १२ कक्षा वा सो सरह पास गरेको । | |

२) उमेर :– १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको
३) आवेदन दस्तुर :– र ५००। –पाँच सय मात्र)
४) तलब स्केल :– भरतपुर महानगरपालिका युवा स्वयंसेवक कार्यविधिले तोके बमोजिम ।
५) दरखास्त आब्हान मिति :– २०८१/१२/२०
६) दरखास्त दिने अन्तिम मिति :– २०८१/१२/२६ गते ४:००
७) परीक्षा मिति :– सम्पर्क मितिको दिन तोकिनेछ ।
८) सम्पर्क मिति :– २०८१/१२/२७ गते
९) आवश्यक कागजातहरू :– शैक्षिक योग्यताको प्रमाणपत्र,नागरिकता प्रमाणपत्रको प्रतिलिपि
थप जानकारीको लागि :– ०५६–४९३०९२ , ९८४६३५३५१३
नोट :– अन्तरवार्ताको दिन सक्कल प्रमाणपत्रहरू साथमा लिई आउनु पर्नेछ ।

*प्रधानाध्यापक*
**चित्रसेन राष्ट्रिय आधारभूत विद्यालय**
भरतपुर–१०, चितवन

देवघाटमा धार्मिक काम गर्नु परेमा
रुद्री, ब्रतबन्ध, ग्रहशान्ति, क्याटरिङ र बास बस्नु परेमा अटेच बाथरूमसहितको कोठाको व्यवस्थापनको लागि सम्पर्क गर्नुहोला ।
प्रो. बुद्धिसागर न्यौपाने
न्यौपाने धार्मिक पसल
भरतपुर–१, देवघाट, चितवन, फोन : ९८४५०६४२८६

प्रेस काउन्सिल नेपाल सुचीकरण प्रमाण पत्र नं.: ३२३१-२०७८
सुचना तथा प्रसारण विभाग दर्ता प्रमाण पत्र नं. ३२२३-२०७८/७९
चितवन आज chitwanaaja
निरन्तर खोज, निरन्तर समाचार
www.chitwanaaja.com
स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै समाचारका लागि चितवन आज डटकम
मा
Search Chitwan Aaja
हामीलाई सर्च गरी जोडिनु होस् ।
विज्ञापन प्रशारण गर्नुपरेमा तथा मिडियाको सहयोग चाहिएमा सम्पर्क गर्नुहोस् ।
९८५५०७७२६२, ९८४६९२३८४९ chitwanaaja@gmail.com
Powered by: Chitwan Aaja Media House Pvt.Ltd.

भरतपुर महानगरपालिकाको व्यवसायीक तथा आवासिय क्षेत्रमा घर-घडेरी किस्ताबन्दीमा बिक्रीमा
भरतपुर–९, बसन्तचोक (आस्थाचोक, गंगामार्ग, विष्णुनगर आवसिय क्षेत्र, आनन्दमार्ग)
सम्पर्क नं. ९८०२९५६०२५, ९८०२९५६०५८, ०५६–५९८४७२




१) ८ मि. मोहडा भएको RCC घर तथा घडेरी किस्ताबन्दीमा बिक्रीमा छ ।
२) ३० % देखि ५० % बैना गरी बाँकी १०% वार्षिक ब्याजदरमा ५-७ वर्ष सम्म किस्ताबन्दीमा बिक्री गरिनेछ । ग्राहकले बैंक संग सिधै किस्ताबन्दीमा पनि लिन सक्नेछ ।
३) खरिदकर्ताको ४० % सम्मको आफ्नै घडेरी तथा जग्गा आपसी समझदारीबाट पनि लेन देन गर्न सकिनेछ ।
४) व्यवसायीक पसल तथा रेष्टुरेण्ट सञ्चालनको लागि १२ धुरको घर टहरा सहित घडेरी बिक्रीमा छ ।
५) २.५ तल्लाको आधुनिक घर तथा भुई तल्लाको ४ कोठाको पक्की घर पनि बिक्रीमा छ ।
६) शो-रूम, क्याफे रेष्टुरेण्ट र ग्यारेजको लागि ६.५ कठ्ठा सम्मको घडेरी पनि बिक्री तथा भाडामा छ ।

नेपाल सुनचाँदी व्यवसायी संघ नारायणगढ

## हिजोको सुनचाँदी भाउ

| | दर प्रति तोला |
|---|---|
| छापावाला | रु. १,७९,७०० ।- |
| तेजावी | रु. १,७९,४०० ।- |
| असली चाँदी | रु. २०३५।- |

सौजन्य: हरेराम हरेकृष्ण सुनचाँदी पसल, मिलनरोड
नारायणगढ, फोन: ५२०५७३
(एक तोलामा ११.६६४ ग्राम हुन्छ)

## आजको राशीफल

ज्यो.भुपेन्द्रराज घिमिरे
मो. ९८५५०५६१८०

| | |
|---|---|
| मेष : विलासी वस्तुका लागि धन खर्च हुनेछ । शिर तथा आँखाको समस्याले सताउन सक्छ । | तुला : चिताएको काम सम्पादन गर्न नसकिएला । कामको चापले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| वृष : थालेको काम बन्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । | वृश्चिक : जीवनसाथीको सहयोगले राम्रा काम गर्न सकिनेछ । इच्छा तथा मनोकामना पूरा हुनेछन् । |
| मिथुन : आफ्नो लाभांशमाथि अरूले दाबी विरोध गर्न सक्छन् । ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । | धनु : प्रतिस्पर्धामा सावधानीसाथ काम गर्नुपर्ला । दोहोऱ्याएर प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनेछ । |
| कर्कट : परिवारजनको साथले नयाँ आशा जगाउने छ । नयाँ काम प्रारम्भ गर्न सकिनेछ । | मकर : दाम्पत्य जीवनमा खटपट आउनेछ । परिस्थितिअनुसार नचल्दा दुःख पाइनेछ । |
| सिंह : औपचारिक मानसम्मानप्रद रहनेछ । राजनीतिमा पद–प्रतिष्ठा कायम हुन सक्नेछ । | कुम्भ : घरेलु समस्यामा अल्झनुपर्ने देखिन्छ । शङ्काले आत्मीय सम्बन्धमा कमी आउनेछ । |
| कन्या : लाभहानि बराबर रहने योग छ । निर्णयहरू तपाईंको पक्षमा नहुँदा पछि सार्न उपयुक्त हुनेछ । | मीन : प्रशंसा मिल्ने हुनाले चित्त शान्ति हुनेछ । व्यावसायिक व्यस्ततासँगै प्रगति हुनेछ । |

नमस्ते शुभबिहानी यहाँहरूको दिनचर्या सुखद रहोस् !

ज्योतिषसम्बन्धी कार्य गर्नुपरेमा ...
हस्त लिखित एवं कम्प्युटरको माध्यमबाट चिनाकुण्डली बनाउने र हेराउने साथसाथै घरघडेरीको माटो हेर्ने, गृह निर्माण, वास्तुसम्बन्धी परामर्श, वैवाहिक जीवनमा आइपर्ने समस्या, शिक्षा, स्वास्थ्य, रोजगारी अनि वैदेशिक यात्रा लगायत ग्रह, लग्न, राशीअनुसार औँठी रत्न, यन्त्र धारण गर्न, ग्रह शान्ति एवं सम्पूर्ण ज्योतिषीय उपचार र परामर्शका लागि–
सम्पर्क : ज्यो. भुपेन्द्र राज घिमिरे
राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मानद्वारा विभूषित गोल्डमेडालिष्ट, केन्द्रीय सदस्य नेपाल ज्योतिष परिषद एवं विश्व ज्योतिष महासंघ अन्तर्राष्ट्रिय समिति भरतपुर –०९, मिलनचोक, चितवन, मो.९८५५०५६१८०